## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CI-०५०७, अंश नामसारी, *नरेश लोध वि. बंशु लोध*

प्रमाण ऐन, २०३१ को दफा २३(४) मा अदालतले कुनै व्यक्तिको अर्को कुनै व्यक्तिसँग कुनै नाता सम्बन्ध छ वा छैन भन्ने कुरा यकीन गर्न परेमा त्यस्तो नाता वा सम्बन्धको विशेष जानकारी हुन सक्ने स्थितिमा भएका व्यक्तिको राय प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्थाअनुसार नातासम्बन्धी विवादमा नाताबारे जानकार रहेका स्थानीय मानिसहरूको भनाइलाई प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने ।

सर्जमीनका सबै व्यक्तिहरूले वादी प्रतिवादी एउटै बाबुका छोराहरू दाजुभाइ हुन भनी उल्लेख गरेका र मतदाता नामावलीमा वादी प्रतिवादीको नामावली विवरण एउटै घर परिवारभित्र देखिएको अवस्थामा वादी प्रतिवादीबीच दाजुभाइ नाता नै पर्दैन भनी वादीलाई अंशहकबाट बञ्चित गर्नु न्यायपूर्ण नहुने ।

वादी बंशु लोध र प्रतिवादी नरेश लोध दाजुभाइ नाताका देखिएको र वादी प्रतिवादीबीच चल अचल सम्पत्ति अंशबण्डा भएको नदेखिएको हुँदा वादीले प्रतिवादीबाट अंश पाउने नै देखिने ।

इजलास अधिकृत : शिवप्रसाद खनाल
कम्प्युटरः रानु पौडेल
इति संवत् २०७० साल असार २६ गते रोज ४ शुभम् ।

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-०७८०, उत्प्रेषण परमादेश, *लक्ष्मण थारू वि. मोहियानी समिति दाङ, मुकाम जिल्ला भूमिसुधार कार्यालय, दाङ घोराहीसमेत*

२०३७ सालभन्दा अगाडि नै यी निवेदकका बाबु दाङ जिल्लाबाट बसाइ सरी बर्दिया जिल्लाको मनाउ गा.वि.स. वडा नं.९ मा बसोबास गरेको र निज बाबुको मृत्यु सोही स्थानमा मिति २०३७।४।७ मा भएको भनी निज निवेदकले पेश गरेको मनाउ गा.वि.स.को कार्यालय, बर्दियाबाट जारी भएको मृत्यु दर्ता प्रमाणबाट देखिन आएको छ । यसको अतिरिक्त यी निवेदकसमेतले बर्दिया जिल्लाको भीमापुर गा.वि.स.को ठेगानाबाट तत्कालीन अवस्थामा नागरिकता लिएको हुँदा बाबुसँगै यी निवेदकसमेत दाङ जिल्लाबाट बसाइ सरी बर्दिया जिल्ला गएको भन्ने निवेदकले पेश गरेका कागजबाट नै प्रष्ट छ । यसरी २०३७ सालमा नै बसाई सरी गएबाट पूर्व ठेगानामा रीतपूर्वक म्याद तामेल हुन नसकी बेपत्ते तामेल भएबाट सुनुवाइबाट बञ्चित हुन नपरोस् भनी कोही हकदार भए दावी विरोध गर्न सार्वजनिक सूचना जारी गर्दासमेत यी निवेदकलगायत कसैको दावी विरोध नपरेको हुँदा स्थलगत सर्जमीनसमेत गरी तत्कालीन मोहियानी समिति, दाङबाट मिति २०४५।१।२४ मा भएको निर्णयमा कुनै कानूनी त्रुटि रहेको नदेखिने ।

मोहियानी समिति, दाङबाट मिति २०४५।१।२४ मा मोही लगत कट्टा गर्ने निर्णय भएकोमा उक्त निर्णय बदर गरी पाउन मिति २०६७।११।३ मा लगभग २२ बर्ष पछि अति नै विलम्ब गरी प्रस्तुत निवेदन पर्न आएको छ । यतिका बर्ष बिलम्ब हुनुको कुनै मनासिब कारण र औचित्य निवेदकले देखाउन सकेको छैन । रिटको कुनै हदम्याद हुँदैन । तर हदम्याद नभएको

कारण जहिलेसुकै पनि आफूखुशी अदालतमा प्रवेश गर्न पाउने भन्ने होइन । आफ्नो अधिकारप्रति सचेत नरहने, अनावश्यक ढिलाई गर्ने वा विवादित अधिकारको प्रचलन गराउन खोज्ने व्यक्तिका लागि आफ्नो असाधारण अधिकारक्षेत्र प्रयोग गरी यस अदालतले रिट जारी गर्दैन । अपितु सफा हातले, यथा समयमा अदालत प्रवेश गरेको र वास्तवमै गैरकानूनी ढङ्गले कुण्ठित गरिएको अधिकारको प्रचलनको लागि यस अदालतले यस अधिकारक्षेत्रको प्रयोग गर्ने गरेको छ । रिट निवेदन यतिका बिलम्ब गरी पर्ने मुनासिब माफिकको विश्वासिलो कारणसमेत निवेदकले देखाउन सकेको छैन । त्यसकारण प्रस्तुत रिट निवेदन विलम्बको सिद्धान्त (Doctrine of laches) अनुसार खारेजभागी देखिने ।

इजलास अधिकृत : दीपक ढकाल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७० साल असार १२ गते रोज ४ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CI-११०१, कुतमोही, *मु.स. गर्ने दुलवती थरूनी वि. मु.स. गर्ने बुधनीदेवी यादव*

विवादित कि.नं. २२, ५० र १२७ को जग्गाको साविक जग्गाधनीहरू विदेशी भारतीय नागरिक भएका र निजहरूको मृत्युपछि हक सकार गर्ने कोही हकदार नभएबाट मुलुकी ऐन, अदलको महलको ३ नं. बमोजिम विवादित जग्गामा नेपाल सरकारको हक स्वामित्त्व कायम हुन आएको छ । नेपाल सरकारको नाममा स्वामित्त्व कायम भएको जग्गा कमाउने व्यक्तिले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(५)(ग) बमोजिम मोही हक प्राप्त गर्न नसक्ने भए तापनि नेपाल सरकारको नाममा हक कायम हुनुपूर्व साविकदेखि कायम रहेको त्यस्तो मोहीलाई मोहीबाट निष्काशन गरिपाऊँ भनी प्रतिवादी धर्मनाथ यादवले आफू कीर्ते जग्गाधनी बनी दायर गरेको फिरादपत्रको आधारमा कि.नं. २२, ५० र १२७ को जग्गाको मोहीबाट निष्काशन हुने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०५१।२।१० को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई मोही हक यथावत् कायम रहने ।

इजलास अधिकृत: दीपक ढकाल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७० साल असार ३१ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६६-CI-११००, कुतमोही, *सुखीलाल चौधरी वि. मु.स. गर्ने बुधनीदेवी यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CR-०३९६, कीर्ते जालसाज, *मु.स. गर्ने बुधनीदेवी यादव वि. नेपाल सरकार*

प्रतिवादीले आफ्नो प्रमाणस्वरूप पेश गरेको कागजमा नै निजको दाता भनिएका व्यक्ति तत्कालीन २०२१ सालमा लिखत हुँदा निजहरूको वतन भारत उल्लेख भई निजहरू विदेशी नागरिक भन्ने देखिएको र जाहेरी, अभियोग र सर्जमीनबाट यी प्रतिवादीले २०३६ सालमा लिखत गरी लिनुपूर्व नै निजहरूको मृत्यु भैसकेको भन्ने विवाद सिर्जना भएको हुँदा यी प्रतिवादीले जुन व्यक्तिहरूबाट आफूले जग्गा पारीत गरिलिएको भनी जिकीर लिएका छन् ती व्यक्तिहरूले २०२१ सालमा हरि चौधरी र खेदन चौधरीलाई लिखत पारीत गर्दा गरेको सहीछाप र २०३६।११।२९ लिखतमा गरेको

भनिएको सहीछापको परीक्षणद्वारा त्यसको आधिकारिकता पुष्टिका लागि मिति २०२१।१।२३ र २०२१।१२।२४ को लिखतमा लागेको सहीछापसँग २०३६।११।२९ को राजीनामाको लिखतमा लागेको सहीछाप एकआपसमा नभिड्ने भनी रोनास्टका रेखा विशेषज्ञको राय छ। उक्त रायको सम्बन्धमा लिखत पुनः जाँच्नका लागि यस अदालतको मिति २०६९।६।१६ को आदेशबमोजिम यस अदालतका लेखा तथा रेखा विशेषज्ञ केशवबहादुर थापाले विवादित लिखतहरू परीक्षण गरी मिति २०६९।१०।१७ मा व्यक्त गरेको राय रोनास्टको मिति २०४९।६।१ को च.नं. २०० को पत्रसाथ प्राप्त व्यक्त भएको विशेषज्ञको रायसँग पृथकता नभई एकरूपता देखिएको छ। भिन्नभिन्न विशेषज्ञले एउटै राय प्रस्तुत गरी लिखतको आधिकारिकता र त्यसको वैधानिकताका सम्बन्धमा उल्लेख गरेका तथ्यगत र वैज्ञानिक प्रमाणलाई अन्यथा भन्न मिल्ने कुनै आधार र विवाद देखाउने ठाउँ नहुने।

२०२१ सालमा लिखत गरी दिने व्यक्ति र २०३६ सालमा लिखत गर्ने व्यक्तिको सहीछाप नै एकआपसमा नमिली फरक देखिएको हुँदा मिति २०३६।११।२९ को राजीनामाको कानूनी अस्तित्व नै शून्य हुने।

२०३६।११।२९ को र.नं. ४३५१ को लिखत कीर्ते भनी विशेषज्ञले दिएको रायलाई प्रतिवादीले आधार र कारणसहित अन्यथा भनी खण्डन गर्न नसकेको अवस्थामा सम्बन्धित विषयका विशेषज्ञको विज्ञतालाई कानूनीरूपबाट इन्कार गर्न मिल्दैन। प्रमाण ऐन, २०३१ को दफा २३ ले विशेषज्ञको रायलाई प्रमाणमा लिन हुने प्रावधान राखेको छ। यसरी कुनै लिखतको आधिकारिकता सम्बन्धमा आफ्नो राय व्यक्त गर्ने विशेषज्ञ अदालतमा साक्षीका रूपमा उपस्थित भई बकपत्र गरेमा त्यस्तो राय प्रमाणग्राह्य हुन्छ। २०३१ सालको राजीनामाको आधिकारिकता पुष्टि भइरहेको र २०३६ सालको राजीनामा लिखतको प्रामाणिकताको आधार नदेखिएको हुँदा प्रतिवादी धर्मनाथ यादवले झूट्टा व्यक्ति खडा गरी मृतक भारतीय नागरिकहरू विलट सिंह र गणेश सिंहको नामबाट विवादित जग्गाको राजीनामा लिखत कीर्ते गरी दावीबमोजिम कसूर गरेको कुरा तथ्य, लिखत र विशेषज्ञको रायसमेतबाट पुष्टि भएको देखिँदा पुनरावेदन अदालत, राजविराजको फैसलालाई अन्यथा भन्न नमिल्ने।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः विकेश गुरागाईं/चन्द्रा तिमल्सेना
इति संवत् २०७० साल असार ३१ गते रोज २ शुभम्।

- यसै लगाउको ०६९-CI-०५७५, दर्ता बदर दर्ता कायम, *मु.स. गर्ने बुधनीदेवी यादव वि. नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६८-RC-००८३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. केदार माझी*

जाहेरी दरखास्तको व्यहोरा समर्थित हुने गरी एवं अभियोगलाई स्वीकार गरी यी प्रतिवादी केदार माझीले अनुसन्धानको क्रममा लेखाइदिएको साविती बयानलाई पूर्ण समर्थन गर्दै अदालतमा बयानसमेत गरेको, प्रत्यक्ष साक्षीको रूपमा रहेका रामबहादुर माझीसमेतले पनि प्रतिवादीको

सावितीको पुष्ट्याइँ हुने गरी लेखाइदिएको र शवपरीक्षण प्रतिवेदन (Autopsy Report) ले समेत मृतकको टाउको, छाती र पेटमा चोट पुग्ने गरी भएको प्रहार र मस्तिष्कको चोटको कारण भएको आन्तरिक रक्तस्रावको कारणबाट मृतकको मृत्यु भएको भनी उल्लेख गरेको देखिएबाट यी प्रतिवादी निर्दोष रहेछन् कि भन्ने अवस्था नरही यी प्रतिवादीकै प्रहारको कारणले मृतकको मृत्यु भएको देखिएकाले अभियोग माग दावीबमोजिम यी प्रतिवादी केदार माझीलाई ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

अ.बं. १८८ नं. बमोजिम सजाय चर्को पर्ने भई कम सजायको राय व्यक्त गर्दा सो रायको पनि मनासिब आधार हुनुपर्ने भई अभिव्यक्त रायको पुष्ट्याई (Justification) हुनुपर्नेमा प्रस्तुत मुद्दामा शुरू र पुनरावेदन तहका अदालतले आफूले उपर्युक्त अ.बं. १८८ नं. बमोजिम सजाय घटाउने राय व्यक्त गर्दा मनासिब आधारहरूको उल्लेखन गरेको पनि नपाइएको र ज्यानसम्बन्धी महलको ५ नं. बमोजिम उक्त वारदात भवितव्यजस्तो पनि नदेखिई मृतकलाई टाउकोलगायत पेटमा पटकपटक प्रहार गरी मृतकको मृत्यु भएको देखिएको समेतका आधार र कारणबाट यी प्रतिवादी केदार माझीलाई ठहर भएको सजाय घटाउनु पर्ने अवस्था नदेखिँदा अ.बं. १८८ नं. बमोजिम दश वर्ष मात्र कैद सजाय हुनुपर्ने भनी शुरूको रायलाई सदर गरेको पुनरावेदन अदालतको रायसँग सहमत हुन नसकिने ।

इजलास अधिकृतः कृपासुर कार्की
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६९ साल चैत २३ गते रोज ६ शुभम् ।

२

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री कल्याण श्रेष्ठ,** ०६८-RC-०११५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामबहादुर विश्वकर्मासमेत*

प्रतिवादी खिलबहादुर खड्कासँग मृतक काली भन्ने देशविरा विश्वकर्माको सम्बन्ध रहेको सम्बन्धमा गाउँमा चर्चा रहेको, सो सम्बन्धका वारेमा गाउँमा समाज बसी छलफल पनि भएको, यी प्रतिवादीले देशविरासँग शारीरिक सम्पर्कसमेत भएको भनी अनुसन्धानको क्रममा भएको बयानमा लेखाइदिएको, मार्नुपर्ने कारणको सम्बन्धमा यी प्रतिवादीले अनुसन्धानको क्रममा भएको र अदालतमा भएको बयानमा "मलाई श्रीमती बनाई लैजाऊ भनी मृतकले भनी सँगै जान जिद्दी गरी पछिपछि लागेकी र वारदात भएको जङ्गलमा पुगेपछि मेरो सर्ट तानी लडाएपछि सो रिस सहन नसकी ढुङ्गाले टाउकोसमेतमा पटकपटक हानी निजको मृत्यु भएपछि निज मृतकले लगाएका कानका कुण्डलसमेत लुछी आफू लाश छोडी हिँडेको हुँ" भनी लेखाइदिएबाट समेत मृतक र यी प्रतिवादीबीच सम्बन्ध रहेको र सोही सम्बन्धको कारण मृतकलाई मार्नु परेको तथ्यको पुष्ट्याइँ भएको देखिएको छ । मृतकसँगको यस्तो सम्बन्धको कारण मृतकको मृत्यु आफ्नो कर्तव्यबाट भएको कुरालाई स्वीकार गर्दै यी प्रतिवादीले अनुसन्धानमा आफूले कसूर गरेकोमा साबिती बयान गरी सो वारदातमा अन्य कसैको मद्दत नरहेको र पछि अदालतमा समेत सोही बयानलाई पुष्ट्याइँ गर्ने गरी बयान गरेको देखिएको सो कुरालाई शव परीक्षण प्रतिवेदनले टाउकोमा चोट लागेको कारण दिमागबाट रक्तश्राव भई मृतकको मृत्यु भएको भनी पुष्ट्याइँ गरेको पाइयो । यसका साथै मृतकले

कानमा लगाएको सुनको रिङ (कुण्डल) समेतका यी प्रतिवादीबाट बरामद भएका सामान मृतककै भएको सनाखतसमेत भई यी प्रतिवादीले त्यसलाई स्वीकार नै गरेको देखिएको र यी प्रतिवादीउपरको किटानी जाहेरीसमेत परेको र त्यसलाई अन्यथा प्रमाणित गर्न नसकी यी प्रतिवादीबाट आफूउपरको कसूरलाई स्वीकार नै गरेको अवस्थासमेत स्पष्ट देखिएको छ। प्रतिवादीको साविति बयान सर्वोत्कृष्ट प्रमाण भएको र त्यसको मिसिलसंलग्न अन्य वस्तुगत प्रमाणहरूबाट पुष्ट्याइँ भएको देखिएबाट र यी प्रतिवादी मनोज भन्ने खिलबहादुर खड्का कसूरदार हैनन् र निर्दोष नै हुन् भनी भन्न सकिने वस्तुगत आधार रहेको नदेखिएसमेतका आधारमा प्रतिवादी खिलबहादुर खड्का कसूरदार नै भएको पुष्टी हुने ।

प्रतिवादीहरूमध्येका रामबहादुर विश्वकर्मा र बिमला विश्वकर्मा कसूरदार नदेखिएकाले अभियोग दावीबाट सफाइ पाउने र प्रतिवादी मनोज भन्ने खिलबहादुर खड्काले कसूर गरेको पुष्टी हुनआएकाले निजलाई ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः कृपासुर कार्की

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल चैत २३ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६-CR-०४०८, जवर्जस्ती करणी, *नेपाल सरकार वि. रामचन्द्र थारू*

जवर्जस्ती करणी जस्तो गम्भीर फौजदारी कसूरमा स्वतन्त्र प्रमाणहरूबाट कसूर स्थापित भइरहेको अवस्था छ, छैन भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । जाहेरवाला तथा मौकामा उपस्थित व्यक्तिहरूले अदालतमा गरेको Hostile बकपत्रले प्रमाणिक महत्त्व राख्दैन। घटनाबाट पीडित व्यक्ति अथवा जाहेरवालाले घटनाको सम्बन्धमा घटनाको तत्काल अघि वा पछि व्यक्त गरेका कुरा प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) र (ख) बमोजिम प्रमाणमा लिनुपर्ने ।

घटनाका सम्बन्धमा घटना भएको तत्कालपछि घटना देख्ने वा थाहा पाउने व्यक्तिले मौकामा व्यक्त गरेको कुरा मात्र प्रमाण हुन्छ। तर घटनाको निकै महिना वा वर्षपछि व्यक्त गरेको कुरा प्रमाण हुन सक्तैन । पीडित व्यक्ति वा जाहेरवाला वा देख्ने व्यक्तिले घटनाको तत्कालपछि नभई करीब क्रमशः ३½ महिना र ६ महिनापछि अदालतमा व्यक्त गरेको कुरा कसैको पक्ष वा विपक्षमा प्रमाणको स्थान लिन नमिल्ने ।

प्रतिवादीउपर किटानी जाहेरी पर्नुको साथै स्वास्थ्य परीक्षण प्रतिवेदनबाट अढाई वर्षकी बालिकाको योनीमा लिङ्ग प्रवेश नभै घर्षण मात्र भएको देखिएको, रातोपन देखिएको र अन्य कोतरिएको वा नीलडाम रहेको नदेखिएकोले करणीको प्रयास भएको भनी मेडिकल अधिकृतको प्रतिवेदनमा उल्लेख भएकोले योनीमा आंशिक वा पूर्ण लिङ्ग प्रवेश नभएको अवस्थामा र घर्षण मात्र गरेको कार्यलाई प्रतिवादीको स्वीकारोक्तिको समेत आधारमा जवर्जस्ती करणीको उद्योग गरेको ठहऱ्याई जवर्जस्ती करणीको महलको ५ नं. बमोजिम ५ वर्ष कैद हुने ।

इजलास अधिकृतः दण्डपाणि लामिछाने

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल मंसिर १६ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** ०६७-CR-१२५०,

१३०५, जवर्जस्ती करणी, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. रमेश भन्ने वीरबहादुर सार्की, वीरबहादुर सार्की वि. नेपाल सरकार*

जवर्जस्ती करणीको १ नं. को स्पष्टीकरणको (ग) मा योनीमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिनेछ भन्ने व्यवस्थाबाट जवर्जस्ती करणीको कसूर स्थापित हुन पीडितको कन्याजाली च्यातिएको हुनुपर्ने अवस्थालाई पूर्वशर्तको रूपमा लिन मिल्दैन । Hymen is intact भएको अवस्थामा पनि जवर्जस्ती करणीको कसूर स्थापित हुनसक्ने ।

ज्यानसम्बन्धी अपराधहरूमध्ये कर्तव्य ज्यान (Murder) र यसको उद्योग (Attempt to murder) को बीचमा अपराधका तत्त्वहरूको रूपमा रहेका आपराधिक कार्य (Actus reus) र आपराधिक मनसाय (Mens rea) को संयोजनात्मक उपस्थितिको दृष्टिबाट भिन्नता रहेको हुँदैन । दुबै प्रकृतिका अपराधमा सो अपराध गर्ने व्यक्तिले पीडितको मृत्युको मनसाय राखेर आफ्नो कार्यबाट आपराधिक कार्य सम्पन्न गरेको हुन्छ । तर ज्यान मार्ने उद्योगको अपराध कायम हुनको लागि कुनै कारणले कर्ताको अपेक्षाअनुसार पीडितको मृत्यु भएको हुँदैन । ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम मनसाय तत्त्वको विद्यमानता आवश्यक हुन्छ र यस्तो मनसाय अभियुक्तको क्रियाबाट स्पष्ट हुन्छ । ज्यान मार्ने मनसाय रहेको अवस्थामा ज्यान मार्न नपाएको स्पष्ट कारण र अवस्था देखिनुपर्ने ।

यी प्रतिवादीले जवर्जस्ती करणी गर्ने मनसाय राखी पीडितलाई भूईंमा पछारी जवर्जस्ती करणी गरेको देखिए पनि यी प्रतिवादीमा पीडितलाई मार्ने मनसाय रहेको देखिन आउँदैन । यी प्रतिवादीले पीडितमाथि गरेको कार्यबाट निजलाई जवर्जस्ती करणी गर्ने मनसायलाई कार्यरूप दिने उद्देश्यसम्म रहेको देखिएको छ । जवर्जस्ती गर्ने क्रममा केही चोटपटकसमेत लाग्न गएको अवस्था हुँदा निजले यी प्रतिवादीलाई मार्ने मनसायले टाउकोलगायत शरीरका अन्य भागमा आक्रमण गरेको मिसिल संलग्न प्रमाणहरूबाट स्थापित हुन नआउँदा यी प्रतिवादीले ११ वर्षकी पीडितलाई जवर्जस्ती करणी गरेको देखिएकोले निजलाई मुलुकी ऐन, जवर्जस्ती करणीको महलको दफा ३(२) नं. बमोजिम १२ वर्ष कैद तथा ऐ. १० नं. बमोजिम क्षतिपूर्तिबापत रू.५०,०००।- (पचास हजार) पीडितलाई भराई दिने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल माघ १७ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद साह र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CR-०२०९, कर्तव्य ज्यान, *ज्ञानबहादुर भट्टराई वि. नेपाल सरकार*

मृतकलाई मार्ने मनसाय नरहेको भए पनि निज प्रतिवादीले भीमबहादुर विष्टसँग झगडा भएपछि झगडा भएको ठाउँबाट भागेर गई फलामको पाइप ल्याई भीमबहादुर विष्टलाई प्रहार गर्ने कार्यबाट नै निजको भीमबहादुर विष्टलाई मार्ने नियत रहेको थियो भन्ने देखिन्छ । किनभने झगडा भएको ठाउँबाट भागेर गई ल्याएको फलामको पाईप जस्तो जोखिमी वस्तुले प्रहार गर्ने कार्यलाई ज्यान मार्ने नियतले नभई असल नियतले गरेको कार्य मान्न मिल्दैन । एउटा अपराध गर्ने उद्देश्यले गरिएको आपराधिक कार्यबाट अर्को आपराधिक कार्य हुन गएमा पछिल्लो आपराधिक

कार्य गर्ने मनसाय नभएको भन्ने आधारमा प्रतिवादीले कसूरबाट उन्मुक्ति पाउन नसक्ने ।

प्रतिवादीले भीमबहादुर विष्टलाई मार्ने नियतले फलामको पाईपले हिर्काएकोमा भीमबहादुर विष्ट सो फलामको पाईपको चोटबाट छलिएका कारणले उक्त फलामको पाईप मृतकका टाउकोमा लाग्न गई सोही चोटबाट मृतकको मृत्यु हुन गएको देखिन आएकोले उक्त व्याख्या प्रस्तुत मुद्दामा समेत आकर्षित हुन आयो । तसर्थ मुलुकी ऐन, ज्यानसम्बन्धी महलमा भएको व्यवस्था, यस अदालतबाट भएको व्याख्या र मुद्दाको तथ्य तथा सबूद प्रमाणहरूसमेतका आधारमा प्रतिवादीले ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं को कसूर गरेको देखिएकोले निज प्रतिवादी ज्ञानबहादुर भट्टराईलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने ।

घाइते अवस्थामा रहेकी मृतकलाई बचाउन भरमग्दूर प्रयत्न गरी उपचार खर्चसमेत यी प्रतिवादीले गरेकोमा उपचारको क्रममा गरिएको शल्यक्रियापश्चात् पनि निको नभई मृतकको मृत्यु भएको देखिन्छ । यसरी घटना हुँदाको परिस्थिति र घटनापश्चात् प्रतिवादीको कार्य र व्यवहार हेर्दा निजलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिएको र १० वर्ष कैद गर्दा ऐनको मक्सदसमेत पूरा हुने भएकोले निज प्रतिवादी ज्ञानबहादुर भट्टराईलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७० साल पुस १७ गते रोज ४ शुभम् ।

६

**मा.न्या. श्री रामकुमार प्रसाद शाह र मा. न्या.प्रा. डा. श्री भरतबहादुर कार्की,** २०६८-CR-०७११, कर्तव्य ज्यान, *दिलकुमारी, दिलमाया भन्ने बलमती शेर्मा नेम्वाङ वि. नेपाल सरकार*

प्रतिवादीले मृतकलाई बञ्चरो जस्तो जोखिमी हतियारले हानी मारेको देखिन आएको र सो कार्य ज्यानसम्बन्धी महलको १३(१) नं. विपरीतको कार्य भएकोले निज प्रतिवादी दिलकुमारी, दिलमाया भन्ने बलमती शेर्मा (नेम्वाङ) लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

प्रतिवादीले गरेको क्रूरतापूर्वकको हत्यासमेतका आधार र कारणहरूबाट प्रतिवादी दिलकुमारी, दिलमाया भन्ने बलमती शेर्मा (नेम्वाङ) लाई अ.बं. १८८ नं. बमोजिम ५(पाँच) वर्ष मात्र कैद सजाय गर्ने गरी पुनरावेदन अदालत, इलामबाट व्यक्त राय मिलेको नदेखिँदा सो रायसँग सहमत हुन नसकिने भई प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल पुस १ गते रोज २ शुभम् ।

## इजलास नं.३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CI-०१९७, अंश चलन, *शर्मिला सिल्पकार वि. कृष्णप्रसाद सिल्पकारसमेत*

वादी प्रतिवादीले तायदातीमा उल्लेख गरेका केही चल सम्पत्तिहरू उक्त फैसलाको तपसीलमा उल्लेख नहुनुले उक्त स मिलसहितका वादी प्रतिवादी जिम्माका अन्य फाँटवारीमा

उल्लिखित चल सम्पत्तिहरू बण्डा हुनेमा नपरेको भन्ने नै अर्थ हुन्छ । त्यसरी बण्डा हुनेमा नपारी न्यायकर्ताले तायदातीमा उल्लिखित सम्पत्तिलाई छोडेको अवस्थामा उक्त सम्पत्तिसमेत बण्डा हुनुपर्ने आधार प्रमाण भए उक्त फैसला वादीलाई जानकारीमा आएपछि उक्त फैसलाउपर पुनरावेदन अदालतमा म्यादभित्र आफ्नो जिकीर लिनुपर्ने हुन्छ । तर वादीले त्यसरी पुनरावेदन जिकीर लिएको देखिँदैन । जिल्ला अदालतको फैसलामा चित्त नबुझेउपर कानूनबमोजिम पुनरावेदन अदालतमा पुनरावेदन नगरी एक तहको पुनरावेदन जिकीर नै छाडी यस अदालतमा आएर उल्लिखित प्रश्नमा जिकीर लिएको कारणले सो सम्बन्धमा यस अदालतद्वारा प्रवेश गरी इन्साफ गर्न नमिल्ने ।

मोही र जग्गाधनीबीच जग्गा बाँडफाँड नभैरहेको अवस्थामा अनिश्चित् तवरबाट सशर्त बण्डा लाग्ने ठहर गर्नु मनासिब हुँदैन । तथापि जग्गाधनी र मोहीकाबीच जग्गा बाँडफाँड भई सम्बन्धित जग्गाको स्वामित्व प्रतिवादी कृष्ण गोपालमा आएको अवस्था भने सम्पत्ति बण्डासम्बन्धी प्रश्न विचारणीय हुनसक्ने हुन्छ । अतएव मोही र जग्गाधनीबीच जग्गा बाँडफाँड भई वादीका ससुरा प्रतिवादी कृष्णगोपाल सिल्पकारका नाउँमा उक्त कि.नं. १४० र १४३ को जग्गा दर्ता हुन आएको अवस्थामा उसै बखत कानूनबमोजिम हुने नै हुँदा अहिले नै पुनरावेदक वादीको जिकीरबमोजिम उक्त जग्गा बण्डा हुने भनी ठहर गर्न नमिल्ने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल भदौ २६ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CI-०७७८, हातहतियार खरखजाना, *नेपाल सरकार वि. वीरबहादुर सिंहसमेत*

गृह मन्त्रालयको मिति २०६५।९।२ को सूचनासमेतबाट अनुमति प्राप्त नभएका हातहतियार बुझाउन सार्वजनिक सूचना गरिएको भन्ने देखिएको र बरामद भएको मिति हेर्दा प्रतिवादीहरूको बयान सान्दर्भिक नै देखिन आएको र यी प्रतिवादीले अन्य प्रयोजनका लागि बरामद भएको हतियार लिई हिँडेको भन्ने ठोस प्रमाण वादी पक्षबाट प्रस्तुत गरी प्रमाणित गर्न नसकेको अवस्थामा प्रतिवादीहरूले असल मनसायले गृह मन्त्रालयको सूचनाका आधारमा आफूले थाहा पाएपछि तत्कालै आफूसँग रहेको त्यस्तो अवैध हतियारसमेत बुझाउन हिँडेको अवस्थामा बाटोबाटै पक्राउ भएको देखिएको छ । साथै उक्त गृह मन्त्रालयको सूचनाको म्याद समाप्त भएको लामो अन्तरालमा हतियार लिई हिँडेको भन्ने नदेखिई उल्लिखित सूचनाबमोजिम नै ढिलो गरी केही दिन पछि मात्र हतियारसमेत बुझाउन हिँडेको अवस्थामा पक्राउ परेको देखिएकोले अभियोग दावीबमोजिम सजाय गर्नुसमेत न्यायसङ्गत् नहुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०७० साल भदौ १८ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, ०६७-CI-१३४१, निषेधाज्ञा, *अमृत गिरी वि. भरतबहादुर बस्नेतसमेत*

निषेधाज्ञाको निवेदनबाट साधारण अधिकारक्षेत्रमा जस्तो प्रमाण बुझी इन्साफ गरिने नभई प्रथम दृष्टिमा नै निवेदकको कानूनसम्मत् अधिकारमाथि आघात पर्ने आशङ्का प्रबलरूपमा रहेको पुष्टि हुनुपर्दछ र उक्त अवस्था विद्यमान हुनुको अतिरिक्त निर्विवाद हकअधिकारमा आघात पर्ने देखिएमा तत्काल उक्त कार्य नगर्नु नगराउनु भनी जारी आदेशद्वारा त्यस्तो गैरकानूनी कार्यको सम्भावनालाई रोकिने हो । प्रस्तुत विवादमा स्वयम् आफैँले बाटो बनाउन मञ्जूरी दिई बाटो बनाएपछि भई गरिसकेको कार्यको विरूद्ध निषेधाज्ञाको आदेश गरी माग्न निवेदक अदालतमा प्रवेश गरेको देखिएको छ । अतः भई गरिसकेको कार्यको विरूद्ध निषेधाज्ञाको आदेश जारी नभई आशङ्काको अवस्थामा मात्र जारी हुने हुँदा अदालतबाट भई आएको नक्सा मुचुल्काबाट समेत दावीको जग्गा न.नं. १ कि. नं. ३३३ को मध्य भागमा न.नं. ९ खनियाखर्क ज्यामिरे ग्रामीण सडक भनी उल्लेख भई आएको देखिँदा सडक निर्माण कार्य सम्पन्न भइसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७० साल पुस १ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, ०७०-WH-००१२, बन्दी प्रत्यक्षीकरण, *दावा सुन्गाप लामा र निमा उस्टर लामाको हकमा पेमा छुन्जुम लामाको अ.वा. कुइसाङ लामा वि. जिग्मे फ्नू शेर्पासमेत*

निवेदिकाको कोखबाट अमेरिकामा जन्मिएका जुम्ल्याहा छोराहरूलाई विपक्षी पिताले पारिवारिक भेटघाट गराउन साथै लिई नेपाल आएकोमा आमासँग सम्पर्कसमेत हुन नदिई बन्दी बनाई राखेकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरी पाउन मुख्य निवेदन दावी देखिन्छ । निवेदक र विपक्षी जिग्मे फ्नू शेर्पा श्रीमान् श्रीमती भएको र यी बीचमै शारीरिक सम्पर्कबाट दावा सुन्ग्राव लामा र निमा उस्टर लामाको अमेरिकामा जायजन्म भएको तथ्यमा कुनै विवाद देखिँदैन । श्रीमान् श्रीमतीबीच आपसमा मनमुटाव भई बाबु जिग्मे फ्नु आफ्ना दुई छोराहरूलाई साथमा लिई नेपाल आई बसेको तथ्यमा समेत कुनै विवाद छैन । यसरी आफ्नो पितासँग निजकै संरक्षकत्वमा रहेका नाबालकलाई थुनामा राखेको भनी अर्थ गर्न ठोस तथा भरपर्दो प्रमाणको अभावमा नमिल्ने ।

बन्दीप्रत्यक्षीकरणको रिट जारी हुन व्यक्ति थुनामा हुनु र त्यो थुना गैरकानूनी हुनु पूर्वशर्तकै रूपमा लिइन्छ । प्रस्तुत मुद्दामा अमेरिकामा बस्ने आमाले फोन सम्पर्क गर्दा कुराकानी गर्न नदिएको भन्ने आधारमा मात्र आफ्नै छोराहरूलाई बाबुले थुनामा राखेको भन्ने अर्थ गर्न मिल्ने पनि होइन । यसरी थुनामा राखेको तथ्य नै पुष्टि हुन नसकिरहेको अवस्था एकातर्फ देखिन्छ भने अर्कोतर्फ बच्चाहरू अमेरिकी नागरिक भएको र निजहरूको सर्वोत्तम हितलाई दृष्टिगत गर्दा हाल बाबुको संरक्षकत्वमा रहिरहेका नाबालकहरूलाई त्यसबाट अलग गरी तत्काल अमेरिका पठाउन उचित हो भनी विश्लेषण गर्न पनि प्रस्तुत मुद्दाको सन्दर्भमा तर्कसङ्गत मान्न नसकिने ।

बच्चाहरू हाल नाबालक अवस्थामा रहेको र निजहरूको उचित पालनपोषण, शिक्षादीक्षा, मातृवात्सल्यता नपाएको भन्ने निवेदन जिकीरतर्फ हेर्दा यी रिट निवेदिका हाल अमेरिकामा नै बसोबास गरी आएको वारेसमार्फत प्रस्तुत रिट दर्ता

गराएकोबाट पनि बच्चाहरूको उचित पालनपोषण, शिक्षादीक्षा मातृवात्सल्यताको जिकीर लिने आमा स्वयं उपस्थित भै मुद्दा दायर गरेको अवस्थासमेत देखिँदैन । प्रस्तुत मुद्दाको विषयवस्तुतर्फ हेर्दा बन्दीप्रत्यक्षीकरणको विषयसँग नभै नाबालकहरूको स्याहार सम्भार कसले गर्न पाउने भन्ने विषयसँग सम्बन्धित रहेको आभाष हुन्छ, जसको निर्णय प्रस्तुत मुद्दाबाट हुनसक्ने पनि नहुँदा उल्लिखित तथ्य र कारणबाट निवेदन दावीबमोजिम नाबालकहरू थुनामा रहेको वा गैरकानूनीरूपमा कब्जामा रहेको भन्ने तथ्य नै पुष्टि हुन नसकिरहेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको रिट जारी हुनसक्ने स्थिति नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः तीर्थराज भट्टराई

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल कात्तिक १३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, रिट नं. ०६९-WO-०६१५, ०६२४, ०६८४, ११९६, ०६२६, ०६७९, ०९२८, ०७४३, ०८०५, ०६७४, ०६३४, ०६९६, ०१११, ११३२, ०७९६, ०६६७, ०६७८, ०७०४, ०८५०, ०७०२, ०७६८, ०६९०, ०७६७, ०६९४, ०९८७, ०९८६, उत्प्रेषणयुक्त परमादेश, *पञ्चजन्य हाइड्रोपावर कम्पनी प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, हिम कन्सल्ट प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, म्यार्दीखोला हाइड्रोपावर प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, नमबुद्ध हाइड्रोपावर प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, चिरख्वा हाइड्रोपावर कं.प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, ज्ञानेन्द्रलाल प्रधान वि. ऊर्जा मन्त्रालयसमेत, कुसुन्ति सभापोखरी हाइड्रोपावर कं.प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, गेज नेपाल प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, गेज नेपाल प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, हाइड्रोभिजन कं. प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, दिपसमा हाइड्रोपावर कं.प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, बगरखोला हाइड्रोपावर कं.प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, बगरखोला हाइड्रोपावर कं.प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, बन्दीपुर हाइड्रोपावर कं.प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, विष्णु इनर्जी एवं इञ्जिनीयरिङ् प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, मल्टी डेभ्लपर्स कं. प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, नेपाल आर्थिक साँस्कृतिक तथा व्यापारिक केन्द्र प्रा.लि. र हिम कन्सल्टको ज्वाइन्ट भेञ्चर वि. ऊर्जा मन्त्रालयसमेत, गोपीकृष्ण खरेल वि. ऊर्जा मन्त्रालयसमेत, सिँगटी हाइड्रोइनर्जी प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, चौरी हाइड्रोपावर कं. प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, अग्नि हाइड्रोप्लान्ट कं.प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, सूर्य हाइड्रोइलेक्ट्रिक कम्पनी प्रा. लि. वि. ऊर्जा मन्त्रालयसमेत, नरेश न्यौपाने वि. ऊर्जा मन्त्रालयसमेत, लिवर्टी इनर्जी हाइड्रोपावर कं.प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, साल्पा हाइड्रोपावर कं. प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, सुपरहेवा पावर कं. प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत*

भूतलक्षी स्वरूप दिइएको अवस्थामा बाहेक कानून सदैव पश्चात्‌दर्शी हुने हुँदा मिति २०६९।६।१५ गतेको राजपत्रको सूचना आउनुभन्दा पहिला नै राजस्व रकम दाखिला गरिसकेका निवेदकहरूलाई पछि संशोधित दस्तूर लागू गरी थप दस्तूर दाखिला गर्नु भन्ने विपक्षी विद्युत विकास विभागद्वारा जारी गरिएको उक्त सूचना र सो सूचनामा गरिएको व्यवस्था र तदनुरूपको पत्रसमेत कानूनसम्मत् नदेखिने ।

मिति २०६९।०६।१५ को अवधिसमेतलाई खाम्ने गरी दस्तूर दाखिला गरिसकेका रिट निवेदकहरूको हकमा प्राप्त अनुमतिपत्र, नवीकरण वा नयाँ अनुमतिपत्रसम्बन्धी अन्य कुनै निकायमा फायल गई माग भएका कागजपत्र दाखिल नगर्नेसमेतका निवेदक स्वयंका कारणबाहेक अन्य सार्वजनिक निकायका कारणबाट वा विपक्षी स्वयंले तोकिएको निवेदक अवधिभित्र निर्णय गर्नुपर्नेमा सो नगरी आफ्नै कारणले निर्णय हुन सम्भव नभएकोमा सोही दस्तूरको आधारमा कानूनबमोजिम अनुमतिपत्र प्रदान गर्ने वा नगर्ने तथा नवीकरण गर्ने वा नगर्ने वा स्तरवृद्धि अनुमति दिने वा नदिनेसमेतका निर्णय गर्नुपर्ने हुन्छ । यसका लागिसमेत थप दस्तूर मागिएको कामकारवाही, निर्णय, सूचना र पत्राचारलगायतका कामकारवाहीहरू गैरकानूनीसमेत देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

आदेशप्राप्त भएको मितिले विद्युत ऐन, २०४९ को दफा ४ बमोजिम विद्युतको सर्वेक्षण अनुमतिपत्रको हकमा ३० दिन र विद्युतको उत्पादन, प्रसारण वा वितरण अनुमतिपत्रको हकमा १२० दिनभित्र जे जो बुझ्नुपर्ने बुझी वा जाँचबुझ गरी कानूनसम्मत् निर्णय गर्नु भनी विपक्षी नेपाल सरकार, ऊर्जा मन्त्रालयसमेतका नाममा परमादेशको आदेश जारी हुने ।

शाखा अधिकृतः तीर्थ भट्टराई

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल कात्तिक ११ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, रिट नं. ०६९-WO-०६५२, ०६८०, ०६९३, ०७०३, उत्प्रेषणयुक्त परमादेश, *दिव्यज्योति हाइड्रोपावर कम्पनी प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, इनर्जी एण्ड हाइड्रोपावर सर्भिसेज प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, मल्टी इनर्जी डेभलपमेन्ट प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत, ममता पावर कम्पनी प्रा.लि. वि. ऊर्जा मन्त्रालयसमेत*

निवेदकहरूले मिति २०६९।०६।१५ को राजपत्रको सूचनाबमोजिम थप दस्तूर लगाएपश्चात् मात्र निवेदकहरू अदालत प्रवेश गरेको देखिन्छ । निवेदकहरूले अनुमतिपत्र नपाई निजहरूको हक सिर्जना नहुने हुँदा निवेदन दिँदैमा मात्र हुँदैन । सो अनुमतिपत्र प्राप्त गर्न तोकिएबमोजिमको दस्तूर दाखेला गर्नुपर्ने हुन्छ । नियमावलीको अनुसूचीमा भएको संशोधन मिति २०६९।६।१५भन्दा पछाडि मात्र सो क्रियाशील हुन्छ । यो आधार मितिलाई खाम्ने गरी दस्तूर दाखिल भई सकेका हकमा मात्र साविक दस्तूरकै आधारमा यथोचित निर्णय गरिदिनु पर्ने हुन्छ । निवेदकहरूले उक्त मितिलाई खाम्ने गरी दस्तूर बुझाएको देखाउन सकेको पाइदैन । आफूले पालना गर्नुपर्ने कानूनी दायित्व पूरा नगरी केवल साविककै दस्तूरबमोजिम अनुमतिपत्र पाउनुपर्ने, प्रमाणपत्र नवीकरण हुनुपर्ने भन्ने माग कानूनसम्मत् नदेखिने ।

शाखा अधिकृतः तीर्थ भट्टराई

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल कात्तिक ११ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, रिट नं. ०६९-WO-०३४२, उत्प्रेषण, *लालबिहारी दास बैरागी वि. मठ व्यवस्थापन समिति, पर्सासमेत*

सुर्जाहा मठका महन्थमा चन्द्रिकादास वैष्णव रही कि.नं. १४६ को जग्गासमेत निज

चन्द्रिकादासले नै भोगचलन गर्दै आइरहेकोमा निजको मृत्युपश्चात् निजको छोराले उक्त जग्गा भोगचलन गर्दै गरेको देखियो। राधाकृष्ण भगवान सुर्जाहा कट्टी मठ व्यवस्थापन समितिले उक्त जग्गा ठेक्कामा दिने भनी गोरखापत्रमा सूचना प्रकाशित गरेबाट विवादको सिर्जना भएको देखियो। सो सम्बन्धमा उक्त कि.नं. १४६ को जग्गा निज महन्थ चन्द्रिकादास वैष्णवको नाउँको जग्गा हो वा होइन भनी हेर्दा उक्त कि.नं. १४६ को जग्गा गुठी संस्थान, शाखा कार्यालय, वीरगञ्जको नाउँ दर्ता रहेको कुरा मिसिल संलग्न रहेको मालपोत कार्यालय, पर्साको जग्गाधनी दर्ता प्रमाणपूर्जाबाट देखिन्छ। यसरी उक्त कि.नं. १४६ को जग्गा गुठी संस्थान, शाखा कार्यालय, वीरगञ्जको नाममा रहेबाट यी निवेदकले महन्थ चन्द्रिकादास वैष्णवको छोरा भएका कारणले मात्र निजले भोग गर्न पाउने हक हुँदैन। महन्थ पदको उत्तराधिकारी छोरामा सर्ने नभएको हुँदा यी निवेदक महन्थको उत्तराधिकारी हो भन्न नमिल्ने।

इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०७० साल मंसिर २७ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, रिट नं. ०६८-WO-०३५४, उत्प्रेषणयुक्त परमादेश, *हरिशरण आचार्य वि. विद्यालय व्यवस्थापन समिति, श्री ऋणमोक्ष उच्चमाध्यमिक विद्यालय डिल्लीचौर, जुम्लासमेत*

निवेदक मिति २०६६।१२।२५ देखि मिति २०६७।५।२२ सम्म झण्डै ६ महिना विद्यालय र व्यवस्थापन समितिलाई कुनै जानकारी नगराई अनुपस्थित रहनु भएको मिसिल संलग्न कागजातबाट पुष्टि भइराखेको देखिँदा शिक्षक जस्तो मर्यादित र जिम्मेवार पदमा रहेका यी निवेदकले बिदा सुविधा मात्र हो, अधिकारको कुरा होइन भन्ने कुरा बिर्सिएर यी निवेदकले आफूले लापरवाही गर्दा विद्यार्थीको भविष्यलाई नै असर गर्छ भन्ने केही नसोची निज आफ्नो पेशाप्रति गैरजिम्मेवार नै भएको पुष्टि हुने।

विपक्षीले ऋणमोक्ष उच्चमाध्यमिक विद्यालय डिल्लीचौर विद्यालय व्यवस्थापन समिति, जुम्लामा स्थायी शिक्षकको पदमा राजीनामा नदिई सोही समयमा नै जुम्ला बहुमुखी क्याम्पसमा मिति २०६७।९।१ देखि लागू हुने गरी करार सेवामा पढाउन थाल्नु भएको तथ्य मिति २०६८।९।४ को च.नं. १३७ को जुम्ला बहुमुखी क्याम्पसको पत्रबाट देखिन्छ। यसरी यी विभिन्न कारणले गर्दा यी रिट निवेदकलाई ऋणमोक्ष उच्च माध्यमिक विद्यालय, डिल्लीचौर विद्यालय व्यवस्थापन समिति, जुम्लाले जवर्जस्ती राजीनामा दिन लगाइयो भन्ने निवेदकको भनाईलाई सही मान्न सकिने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०७० साल मंसिर २५ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती**, रिट नं. ०६६-WO-१२४९, उत्प्रेषणयुक्त परमादेश, *रामबाबु सैंजु वि. भूमिसुधार कार्यालय, सप्तरी राजविराजसमेत*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ (ग) मा "नेपाल सरकारले सूचित आदेशद्वारा तोकी दिएको शिक्षण संस्थाहरूको भोगचलनमा रहेको जग्गाको सम्बन्धमा ७ र १० लागू हुने छैन" भनी उक्त ऐनले व्यवस्था गरेको पाइन्छ। दफा ७ ले हदबन्दीमा छूट तथा दफा १० ले हदबन्दीभन्दा बढी जग्गा प्राप्त गर्न बन्देज लगाइएको पाइन्छ। भूमिसम्बन्धी ऐनको यो कानूनी

व्यवस्थाले विद्यालयको जग्गालाई सरकारी नमानी सो निकायको निजी जग्गा मानेको पाइन्छ । विद्यालय जस्तो सार्वजनिक निकायका निजी जग्गा पनि सार्वजनिक हुने नै भए । सार्वजनिक भनिनु र सरकारी जग्गा भनिनुमा आधारभूत अन्तर छ । कन्तचन्द्र उच्च माध्यमिक विद्यालयको सम्पत्ति सार्वजनिक भए पनि त्यसमा नेपाल सरकारको स्वामित्व छ भन्न मिल्ने आधार देखिएन । कन्तचन्द्र उच्च माध्यमिक विद्यालयले व्यक्तिसरह आफ्नो नाउँमा जग्गा दर्ता गरी भोगचलन गरी आएको हुँदा त्यसमा मोहीयानी हक नलाग्ने भन्ने निवेदकको भनाई कानूनसम्मत् देखिन आएन । तसर्थ यस्तो जग्गाका हकमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(५) आकर्षित हुने अवस्था नपर्ने ।

भूमिसुधार कार्यालय, सप्तरीको मिति २०३७।२।२८ को निर्णयानुसार विपक्षी ओली महम्मद मियाँले मोहियानी हकको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । उक्त निर्णय बदरमा निवेदकले कुनै कारवाही चलाएको नदेखिएको साथै मोही भएको स्वीकार गरेको कुरा मिति २०३९।११।१५, २०५८।८।१५ समेतको बाली बुझेको भरपाईबाट पुष्टि भएको देखिन्छ । मोही कायम भइसकेको अवस्थामा कानूनबमोजिम भूमिसुधार कार्यालय, सप्तरीबाट भएको जग्गा बाँडफाँडलाई अन्यथा भन्न नमिल्ने हुँदा प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृतः रिन्जा डंगोल

इति संवत् २०७० साल मंसिर २५ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-WO-०७१३, उत्प्रेषण परमादेशसमेत, *ननु झा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेडमा मौज्दात रहेको बीउ बिजन बिक्री वितरणमा अनियमितता भए नभएको र अनियमिततामा रिट निवेदकको हात रहे नरहेको भन्ने विषय रिट क्षेत्रबाट निरूपण हुने विषय होइन । निवेदकउपर लगाइएको अभियोगको सम्बन्धमा जाँचबुझ गर्नको लागि जाँचबुझ र छानबीन समितिसमेत गठन भइसकेको भन्ने देखिएको परिप्रेक्ष्यमा कानूनबमोजिमको प्रक्रियालाई नै अवरुद्ध गर्ने गरी रिट जारी गर्न नमिल्ने अवस्था एकातर्फ देखिन्छ भने अर्कोतर्फ निलम्बन कारवाही टुङ्गिएको अवस्थासमेत देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल साउन १३ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-CI-१२९५, निषेधाज्ञा, *राजकिशोर चमारसमेत वि. सीताराम यादवसमेत*

सार्वजनिक जग्गालाई निजी भनी दर्ता गराउने र मुद्दा गरी फैसला गराउने कार्य गरेको थाहा भएपछि सो फैसला बदर गराउने वैकल्पिक उपचारको बाटो हुँदाहुँदै त्यसतर्फसमेत नगई निषेधाज्ञाको क्षेत्रमा प्रवेश गरेको देखियो । अदालतको अन्तिम फैसलाप्रतिकूल गर्न मिल्ने स्थिति स्वयम् अदालतसमेतका लागि हुँदैन । मिति २०६१।११।१७ को पुनरावेदन अदालत, जनकपुरको फैसलालाई विधिवत् चुनौती दिई सो बदर भएमा र उल्लिखित पोखरीसमेत सार्वजनिक कायम भएमा स्थिति अर्को हुन सक्दछ । अन्यथा

अदालतबाट विधिवत् भएको र कायमी फैसलाको विपरीत निर्णय दिन सकिने स्थिति नहुँदा रिट खारेज हुने ।

इजलास अधिकृतः हरिहर पौड्याल
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०७० साल असोज १७ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-CI-१३१४, निषेधाज्ञामिश्रित परमादेश, *संगीताकुमार थिङ् वि. मालपोत कार्यालय, धनुषासमेत*

दावीको घर जग्गामा २०३५ सालदेखि विवाद भई विभिन्न तहका अदालतहरूमा मुद्दा चल्दै अन्तिममा मिति २०५०।३।८ मा साविक कि.नं १४५९ तथा हालको कि.नं ६७ को जग्गामध्ये ०–०–५१/४ जग्गामा मात्र यी निवेदिकाका पति कृष्णकुमार लामाको हक कायम हुने र अन्य सम्पूर्ण दावी छाडी पुनरावेदन अदालत, जनकपुरबाट मिलापत्र भएको र निजको कृष्णकुमारको मृत्युपछि सो मिलापत्रबाट प्राप्त भएको जग्गा निवेदिकाले आफ्नो नाममा नामसारी गरी मिति २०६६।८।९ मा राजीनामा गरी बिक्री गरेकोसमेत देखिन्छ । यसरी उक्त मिलापत्रबाट प्राप्त गरेको उक्त जग्गाभन्दा बाहेक साविकको कि.नं १४५९ मध्येको अन्य घर जग्गामा आफ्नो भोगाधिकार छ भन्न यी निवेदकलाई हक भएको नदेखिने ।

वादी लक्ष्मीनारायण साह जैनपुरी र प्रतिवादी पार्वती खड्कासमेत भएको फैसला बदर मुद्दामा भएको मिति २०६२।४।६ को नक्सा मुचुल्काको न.नं ३,४ र ५ को जग्गालाई कि.नं ६७ मध्येकै कृष्णकुमार लामाको भोग जनिएको हुँदा भोगाधिकार छैन भनी पुनरावेदन अदालत, जनकपुरले निवेदन खारेज गरेको मिलेन भन्ने पुनरावेदन जिकीरतर्फ विचार गर्दा शुरूमा यी निवेदकले निवेदन दिँदा उक्त कुरा उल्लेख गर्न सकेको देखिँदैन र पुनरावेदनमा मात्र उल्लेख गरेको पाइन्छ । उक्त फैसला बदर मुद्दामा भएको उक्त नक्साको न.नं ३,४, र ५ मा कृष्णकुमारको भोगमा रहेको भनेको भन्नेसम्म उल्लेख गरेको देखिन्छ । उक्त मिति २०५०।३।८ को मिलापत्रबाट साविक कि.नं १४५९ को जग्गा विगाहा ०–१–१७ मध्ये हालको कि.नं ६७ को ज.वि. ०–१०–१ मध्ये उत्तर पश्चिम तर्फबाट ज.वि.०–०–५१/४ जग्गा लिई बाँकीमा दावी छाडेपछि उक्त फैसला बदर मुद्दाको नक्सा मुचुल्कामा उल्लेख भएकै आधारमा मात्र कि.नं १४५९ मध्येको जग्गामा मेरो हकाधिकार छ भनी यी निवेदकले दावी लिन मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः हरिहर पौड्याल
कम्प्युटरः सबिना अधिकारी
इति संवत् २०७० साल असोज १७ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६९-RC-००९३, कर्तव्य ज्यान, *नेपाल सरकार वि.आङक्याल गुरुङ*

मनसायपूर्वक आफूले गरेको आपराधिक कार्यलाई सहर्ष स्वीकार गरी बयान गरेको देखिन आएको प्रत्यक्षदर्शी जाहेरवाला तम्फेल गुरुङको अदालतको बयान, विमा गुरुङ, ग्यालजन गुरुङ, सोनाल तेन्जेन गुरुङसमेतका व्यक्तिहरूले अदालतमा गरेको बयानबाट प्रतिवादीको कर्तव्यबाट मृतक उर्केनको मृत्यु भएको भन्ने बकपत्र गरिदिएको देखिन्छ ।

यस्तो अवस्थामा प्रतिवादी आङक्याल गुरुङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको

१,१३ (१) नं. बमोजिमको कसूरदार ठहर गरी ऐ. १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको शुरू डोल्पा जिल्ला अदालतको इन्साफलाई सदर गरी साधक सदरको लागि पेश गरेको पुनरावेदन अदालत, जुम्लाको २०६८।३।६ को इन्साफ मिलकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः हरिहर पौड्याल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल भदौ २८ गते रोज ६ शुभम् ।

**इजलास नं. ६**

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की**, ०६९-RC-०१११, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भरत गिरी*

मृतकको शव परीक्षण प्रतिवेदनबाट मृतकको जिउमा विभिन्न घाउ चोट देखिनुका साथै मृत्युको कारणमा धार नभएको हतियारले टाउको फुटी मस्तिष्कमा रक्तश्राव (Head injury due to blunt object) बाट भएको भन्ने देखिँदा सहअभियुक्तहरूको अनुसन्धान अधिकारी तथा सोलाई पुष्टि हुने गरी अदालतमा भएको बयान प्रमाणित भइरहेको देखिन्छ । यी प्रतिवादी भरत गिरीको कसूरमा संलग्नता रहेको तथ्य प्रमाणबाट पुष्टि भइरहेको र भए सबूद प्रमाणसाथ अदालतमा उपस्थित भई अभियोग दावीको खण्डन गर्न सक्नुपर्नेमा निज शुरू म्यादै गुजारी बसेकोसमेत देखिँदा निजको कसूरमा संलग्नता थिएन भनी किटानी जाहेरी र सहअभियुक्तले अदालतमा आफू साबित भएकोलाई पोल गरेको भन्न नमिल्ने ।

प्रस्तुत मुद्दासँग सम्बन्धित अन्य प्रतिवादीहरूको सम्बन्धमा यसै अदालतबाट भएको मुद्दा नं. ०६६-CR-०६२१ मिति २०६८।१।७ को फैसलामा समूहगत रुपमा अनेक प्रकारले लाठा ढुङ्गासमेतको प्रयोग गरी ज्यान मार्ने कसूर गरेकोले पुनरावेदक प्रतिवादीहरूलाई जन्म कैदको सजाय हुने ठहऱ्याएको देखिन्छ । मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम धेरैजनाको हुल भै मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ। त्यस्तालाई सर्वस्वसहित जन्म कैद गर्नुपर्छ। सो बाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । सो हुँदा प्रस्तुत मुद्दामा धेरैजनाको हुल भई मृतकलाई कुटपीट गरेको तर यिनै प्रतिवादीको चोटले मात्र मृतकको मृत्यु भएको भन्ने देखिन नआएको अवस्था हुँदा यी प्रतिवादीलाई समेत ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७० साल भदौ २१ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की**, २०६९-RC-०१२१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामकुमार राई*

जाहेरवालाले दिएको जाहेरी दरखास्तको व्यहोरालाई निज चश्मदीद् गवाहले अदालतमा उपस्थित भै गरेको बकपत्रसमेतबाट पुष्टि गरेको देखिन्छ। मृतकलाई मार्नेमा यी प्रतिवादी रामकुमार राईको हात छ भनी मुचुल्काका सुविन्द्र राई, खगेन्द्रप्रसाद राई, यामबहादुर राई, रामकुमार राई मौकामा कागज गर्ने भीमचन्द्र राई, टेकबहादुर राईसमेतले अदालतसमक्ष गरेको आफ्नो बकपत्रमा

लेखाएको देखियो । अर्का प्रतिवादी धनबहादुर राईले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा यी प्रतिवादी रामकुमारले मृतकको टाउकोमा फलामको रडले हानी घाइते बनाएको र सोही चोट पीरको कारण निज थला परी मृत्यु भएको भन्ने बयान, वस्तुस्थिति मुचुल्कामा कागज गर्नेहरूको बकपत्र तथा मृतकको शरीरमा परेको घा चोटसमेतबाट अभियोग दावी पुष्टि हुन आएको देखियो ।

प्रतिवादी रामबहादुर राइले ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले प्रतिवादी रामकुमार राईलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल भदौ २१ गते रोज ६ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-०९५५, उत्प्रेषणमिश्रित परमादेश, *जयप्रसाद उपाध्याय वि. नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी) लिमिटेडसमेत*

निवेदक नेपाल दूरसञ्चार संस्थानमा पहिलो पटक २०३२।९।१ मा, दोस्रो पटक २०३६।४।१ मा र तेस्रो पटक मिति २०५४।१२।४ मा पटकपटक गरी सेवा प्रवेश गरेको र पटकपटक आफ्नो उमेर विवरण फरकफरक पारी उल्लेख गरेको देखिन्छ। नेपाल दूरसञ्चार संस्थान र हाल नेपाल दूरसञ्चार लिमिटेड (नेपाल टेलिकम) अविछिन्नरूपमा रहेको सरकारी संस्थान हो । यसरी पटक पटक सेवा प्रवेश गरेको निवेदकले पटकपटक आफ्नो जन्म मिति फरकफरक उल्लेख गर्दै आइरहेको देखिनाले त्यसरी फरकफरक जन्म मिति उल्लेख भएको अवस्थामा के कुन पटकको र कुन प्रमाणको आधारमा जन्म मिति कायम गर्ने भन्ने सम्बन्धमा कम्पनीको कर्मचारी विनियमावली, २०६१ को विनियम १०७ को (२) को प्रतिबन्धात्मक वाक्यांशमा उप विनियम (१) बमोजिमको अभिलेख नभएमा कर्मचारीको नेपाली नागरिकताको प्रमाणपत्र वा सेवामा प्रवेश गर्दा भरेको व्यक्तिगत विवरण (सिटरोल) मा लेखिएको जन्म मितिबाट कायम हुन आउने उमेर तर उक्त प्रमाणपत्रहरूमा कर्मचारीको उमेर प्रमाणित गर्ने आधारहरू फरकफरक देखिएमा तीमध्ये सबैभन्दा बढी उमेर हुन आउने मितिलाई आधार मानी उमेर कायम गरिनेछ भन्ने कानूनी प्रावधानअनुसार निवेदकले पहिलो पटक सेवा प्रवेश गर्दाको व्यक्तिगत विवरण (सिटरोल) मा उल्लेख गरेको जन्म मिति २०११।१।९ लाई आधार मानी मिति २०६९।१।९ गतेदेखि निवेदकलाई ५८ वर्ष पुगेको भनी नेपाल दूर सञ्चार (टेलिकम) कम्पनी, केन्द्रीय कार्यालयले अनिवार्य अवकाश दिएको पत्रलगायतको कार्य कानूनसम्मत् तथा उक्त कर्मचारी विनियमावलीबमोजिम भए गरेको हुँदा निवेदनको मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने नदेखिने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः जवाहरप्रसाद सिंह

कम्प्युटरः प्रेमबहादुर थापा

इति सम्वत् २०७० साल पुस २१ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-WO-०९८८,

परमादेश, *शिव महर्जन वि. जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेत*

मिति २०६८।६।२ मा यिनै निवेदकको निवेदन उपर सम्वत् २०६७-WO-०१२२ को परमादेश मुद्दामा जो जे बुझ्नुपर्ने हो बुझी प्रस्तुत मुद्दाको आदेश प्राप्त भएको मितिले एक महिनाभित्र निवेदक शिव महर्जनले निवेदन मागबमोजिमको नेपाली नागरिकताको प्रमाणपत्र पाउने वा नपाउने भन्ने सम्बन्धमा निर्णय गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेतको नाममा परमादेश जारी हुने ठहर्छ भनी परमादेशको आदेश जारी भएकोमा निवेदकले आदेशको कार्यान्वनलाई पहल गर्नु पर्नेमा सो नगरी पुनः रिट निवेदन लिएर अदालतमा आएको देखियो। अदालतको आदेशलाई कार्यान्वयन गर्न निवेदक आफैं सम्बन्धित निकायमा गई कानूनी कारवाही गर्नु पर्दछ, त्यसो नगरी एक पटक अदालतले निवेदन मागबमोजिमको परमादेशको आदेश जारी गरिसकेको अवस्थामा पुनः सोही विषयमा पुनः परमादेशको आदेश जारी गरिपाऊँ भन्ने प्रस्तुत निवेदनको आधारमा विपक्षीउपर परमादेशको आदेश जारी गरिरहनु औचित्यपूर्ण नदेखिनाले प्रस्तुत निवेदन खारेज हुने ।

शाखा अधिकृतः खेमकुमारी बस्नेत

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल मंसिर १७ गते रोज २ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०६९-WO-१००२, उत्प्रेषण/परमादेश, *सुभाषचन्द्र दास वि. शिक्षा मन्त्रालयसमेत*

निवेदकको स्थायी नियुक्ति मिति २०६०।१२।२७ मा भएको र विपक्षी भोगानन्द मिश्रको सोही पदमा स्थायी नियुक्ति यी निवेदकको नियुक्तिभन्दा अघि मिति २०६०।१२।२३ मा भएको देखिएकोमा सो नियुक्ति पत्रहरूबाट आफूलाई प्रतिकूल असर पर्ने भए सोही समयमा कानूनी उपचार खोज्नुपर्नेमा केही नगरी हाल मात्र अनुचित विलम्ब गरी कानूनी उपचारको लागि अदालत प्रवेश गरेको र यी निवेदकले गरेको अस्थायी सेवाबापतको कानूनबमोजिम पाउनसक्ने सुविधाबाट निजलाई बञ्चित गरिएको अवस्थासमेत प्रथम दृष्टिमा नै नदेखिएकाले यी निवेदकको संवैधानिक एवं कानूनी हकमा असर परेको अवस्था नहुँदा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल चैत ३० गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री तर्कराज भट्ट,** ०७०-WO-०१९७, उत्प्रेषणयुक्त परमादेश, *निलेशमान सिंह प्रधान वि. श्री नियन्त्रक, प्रमाणीकरण नियन्त्रकको कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदक कम्पनीले आफू Automated Cheque Clearing System को कार्य गर्ने नेपालको एकमात्र प्रतिष्ठित तथा विश्वासिलो कम्पनी भएकोले लक्ष्यअनुरूप प्रमाणीकरणको कार्य गर्ने निकायको रूपमा आफूलाई स्थापित गर्नसमेत सक्षम भएको देखिएको भन्ने दावी जिकीर रहेको भए तापनि Cheque Clearing System को कार्य गर्दै आएको भन्ने आधारमा मात्र प्रमाणीकरण गर्ने निकायको रूपमा निवेदक कम्पनीलाई मान्न सकिने पर्याप्त आधार छ भन्न सकिने अवस्था देखिन

आउँदैन। निवेदक स्वयंले पनि विद्युतीय कारोबार नियमावली, २०६४ को नियम १२ को उपनियम (१) को खण्ड (घ) बमोजिमको योग्यता पुगेको भनी भन्न सकेको देखिँदैन। यस अवस्थामा प्रत्यर्थी प्रमाणीकरण नियन्त्रकको कार्यालयले निवेदकलाई प्रमाणीकरण गर्ने निकायको रूपमा काम गर्न अनुमति दिन नमिल्ने भनी मिति २०७०।५।२ मा भएको निर्णय नियम र कानूनसम्मत् रहेको मान्नुपर्ने देखिन आयो । विपक्षी प्रमाणीकरण नियन्त्रकको कार्यालयले मिति २०७०।५।२ मा गरेको निर्णयले निवेदकको कुनै पनि संवैधानिक एवं कानूनी हकमा आघात परेको वा अपूरणीय क्षति पुगेको भन्ने कुरा प्रथम दृष्टिमा नै देखिन नआएकोले विपक्षीको नाममा कारण देखाउलगायत आदेश जारी गरी लिखित जवाफसमेत मगाइरहनु पर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः खेमकुमारी बस्नेत

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल भदौ २६ गते रोज ४ शुभम् ।

## पूर्ण इजलासमा पेश हुने

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WH-००२३, बन्दीप्रत्यक्षीकरण, *दीपक क्यालको हकमा श्रीकृष्ण श्रेष्ठ वि. कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*

अ.बं. ११९ नं. मा कैद शब्द प्रयोग भएको छ, जरीवाना भन्ने शब्द प्रयोग नभएबाट जरीवानातर्फ सोच्नै पर्दैन भन्ने तर्क कानूनसम्मत् हुन सक्तैन । अ.बं. ११९ नं. को प्रयोग गर्दा अभियुक्तलाई अभियोगअनुरूप सजाय भएको र सोबापत के कति वर्ष निज कैदमा बस्नु पर्ने हो भन्ने कुराको पूर्व आँकलन गर्नैपर्ने हुन्छ । यसरी निवेदकलाई अधिकतम् कैद पाँच वर्ष हुन सक्दछ। पाँच वर्षपछि मात्र निवेदकको थुनालाई गैरकानूनी मान्नुपर्ने हुन्छ । कानूनले निर्धारित कैदको अवधि भुक्तान भैनसकेको स्थितिलाई गैरकानूनी थुना मान्न नपर्ने ।

तर, नेकाप २०४५ पुस, नि.नं. ३५९३, पृष्ठ ९४२ को नजीर अध्ययन गर्दा हुनसक्ने जरीवानातर्फ केही नबोली एक वर्ष थुना व्यतीत भएकोले बन्दीप्रत्यक्षीकरणको रिट जारी भएको पाइने ।

मुलुकी ऐन, दण्ड सजायको ३८ नं. को व्यवस्था कैद भुक्तान गरिसकेपछि जरीवाना वा सरकारी बिगो बाँकी हुँदाहुँदै छाडिदिने भन्ने नभै जरीवानाबापतमा पनि सो नतिरे कैद गर्नुपर्दा अपनाउनु पर्ने कार्यविधिसम्मको व्यवस्था गरेको देखिन्छ । सोबमोजिम प्रस्तुत मुद्दामा जरीवाना नतिरेसम्म प्रतिवादीको थुनालाई गैरकानूनी मानी थुना मुक्त गर्न अ.बं. ११८, ११९, १२३ र दण्ड सजायको ३८ नं. को विरूद्ध हुन जाने ।

तसर्थ उक्त २०४५, पुस, नि.नं. ३५९३ पृष्ठ ९४२ को नजीर मुलुकी ऐन, अ.बं. ११८, ११९, १२३, र दण्ड सजायको ३८ नं. का सम्बन्धमा भएको व्याख्यासँग असहमत भई यस मुद्दामा समाविष्ट उक्त जटिल कानूनी प्रश्नको निराकरण पूर्ण इजलासबाट हुन उपयुक्त भएबाट सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)को देहाय (ख) र (घ) बमोजिम पूर्ण इजलासमा निर्णयार्थ पेश गर्नू ।

इजलास अधिकृतः तीर्थ भट्टराई

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल कात्तिक १३ गते रोज ४ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०५५१, उत्प्रेषणसमेत, *रामऔतार साह सोनारसमेत वि. शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, धनुषा जनकपुरसमेत*

मिति २०७०।४।७ को विपक्षी शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, धनुषाको पत्रले बोलपत्रहरू रद्द गरिएको देखिँदा निवेदकका कारण भन्दा पनि विपक्षी कार्यालयहरूकै कारणबाट ठेक्का अगाडि नबढेको स्थितिमा महालेखा परीक्षक कार्यालयको टिप्पणीबमोजिम निवेदकहरूले राखेको बिड बन्ड जफत गरी दिई हाल्दा निवेदकलाई अपूरणीय क्षति हुने र सो बिड बन्डको नवीकरणलगायत निवेदक पक्षले नै गर्ने गरी विपक्षी बैंकले जफत नगरी यथास्थितिमा राख्नु सुविधा सन्तुलनका दृष्टिबाट समेत न्यायोचित हुँदा यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदकहरूले राखेको बिड बन्ड ग्यारेन्टी (Bid Bond Guarantee) विपक्षी कार्यालयको मागबमोजिम जफत गर्नेसमेतको कार्य नगरी यथास्थितिमा राख्नु भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल माघ २३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०४६४, उत्प्रेषण, *रेश्मा राणा(शाह) वि. पुनरावेदन अदालत, पाटनसमेत*

निवेदकले माग गरेको अन्तरिम आदेशको सम्बन्धमा मिति २०७०।२।१३ मा तहसीलदार कर्मचारीले मूल्य कायम गरी आदेश गरेको पाइन्छ । मिति २०७०।२।१३ को तहसीलदारले आदेश गर्दा लिलाम गरिन माग भएको जग्गाको मूल्य बुझ्न मिति २०६९।१२।८ मा भएको मुचुल्का अस्वीकार गर्न सक्ने अवस्था पनि रहन्छ । मिति २०७०।२।१३ को तहसीलदार कर्मचारीको आदेशउपर मिति २०७०।२।२७ मा नै निवेदक लेनदेन मुद्दाकी वादी अर्थात साहू जिल्ला न्यायाधीशसमक्ष दण्ड सजायको ६१ नं. अनुसार गएको भई सो १५ दिनभित्रै हुँदाहुँदै पनि मिति २०६९।१२।८ का मितिले म्याद नाघेको अर्थ गरी निवेदनमा उठाइएका अन्य प्रश्नमा प्रवेश नै नगरी जिल्ला न्यायाधीशबाट मिति २०७०।३।१३ र पुनरावेदन अदालतबाट मिति २०७०।६।३ मा भएको आदेश सारतः त्रुटिपूर्ण भई स्वयम् फैसला कार्यान्वयन गराई माग्ने पक्ष नै अन्तरिम आदेशको माग गर्दै प्रस्तुत रिट निवेदन लिएर आएबाट सुविधा सन्तुलनका दृष्टिबाटसमेत सो आदेशहरू यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७० साल माघ १५ गते रोज ४ शुभम् ।

- यस्तै प्रकृतिको ०७०-WO-०४६६, उत्प्रेषणयुक्त परमादेशसमेत, *रेश्मा राणा (शाह) वि. पुनरावेदन अदालत, पाटनसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

३

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०७०-WO-०५३७, उत्प्रेषण, *प्रदीप के.सी. वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

निवेदकले प्राप्त गरेको Masters of Medicine TCM Internal Medicine डिग्री त्रिभुवन विश्वविद्यालयको आयुर्वेदिक चिकित्सा पद्धतिको स्नातकोत्तर सरह हुने भन्ने चिकित्साशास्त्र अध्ययन

संस्थानको मिति २०७०।९।१७ को पत्रबाट देखिएको र अन्तरिम आदेश जारी नभएमा विपक्षी लोकसेवा आयोगको मिति २०७०।१०।९ को निर्णय कार्यान्वयन भई निवेदक मिति २०७०।११।४ र ५ मा हुने परीक्षाबाट बञ्चित हुने र प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त हुने भएकोले सुविधा सन्तुलनको दृष्टिले प्रस्तुत मुद्दाको अन्तिम निर्णय हुँदा ठहरेबमोजिम हुने गरी हाल निवेदकलाई प्रवेशपत्र दिई परीक्षामा सामेल गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७० साल माघ १५ गते रोज ४ शुभम्।

४

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०७०-WO-०५३६, उत्प्रेषण, *चित्रराज गिरी वि. गुठी संस्थान केन्द्रीय कार्यालय, काठमाण्डौंसमेत*

गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०७०।२।१४ को र ऐ.को शाखा कार्यालय, भक्तपुरको मिति २०७०।२।२० को निर्णयअनुसार यी निवेदकलाई चाँगु ग्वालदह मठको महन्त पदमा ५ वर्षको लागि नियुक्ति दिई निजले दैनिक पूजाआजा गर्दै आएकोमा विपक्षी गोपाल गिरीले विपक्षी गुठी संस्थानको उक्त निर्णय बदर गर्न माग गर्दै पुनरावेदन अदालत, पाटनमा दायर गरेको रिट नं ११७३ मा पुनरावेदन अदालत, पाटनबाट "विपक्षीमध्येका चित्रराज गिरी महन्त नियुक्त भइसकेको अवस्था भई निजको नियुक्तिको सम्बन्धमा यो निवेदनको अन्तिम निर्णय हुँदा निर्णय हुने नै हुँदा नियुक्त भएको महन्तलाई उक्त धार्मिकस्थलको काम गर्नबाट रोक्नसमेत उपयुक्त नदेखिँदा मागबमोजिम अन्तरिम आदेश जारी गर्नु परेन" भनी मिति २०७०।३।२६ मा आदेश भएकोमा सो आदेश बदर गरिपाऊँ भनी विपक्षी गोपाल गिरीले यस अदालतमा अ.बं.१७ नं बमोजिम निवेदन दिई सो निवेदनमा कारवाही हुँदा पुनरावेदन अदालत, पाटनको मिति २०७०।३।२६ को आदेश मिलेकै देखिँदा परिवर्तन गरिरहन परेन, कानूनबमोजिम गर्नु भनी यस अदालतबाट मिति २०७०।६।१ मा आदेश भएको देखिन्छ। यसै अवस्थामा यी निवेदकलाई कुनै जानकारी नै नदिई पुनरावेदन अदालत, पाटनमा विचाराधीन सो मुद्दाको अन्तिम फैसला नभएसम्म साविक महन्त गोपाल गिरीबाटै उक्त मठको दैनिक पूजाआजाको कार्य गराउने भनी विपक्षी गुठी संस्थान सञ्चालक समितिले फेरि मिति २०७०।८।१४ मा निर्णय गरी विपक्षी ऐ.को शाखा कार्यालय, भक्तपुरले च.नं. ५७६ मिति २०७०।९।८ मा विपक्षी गोपाल गिरीलाई पत्र दिई यी निवेदकलाई बोधार्थ दिएको मिसिल संलग्न पत्रबाट देखिन्छ। यसै विषयमा पुनरावेदन अदालत, पाटनमा उत्प्रेषणको रिट परी कारवाही चल्दाचल्दैको अवस्थामा सो मुद्दामा नै असर पर्ने गरी विपक्षी गोपाल गिरीलाई उक्तानुसार पूजाआजा सञ्चालन गर्न भनी दिएको विवादास्पद पत्रबाट सुविधा सन्तुलनको दृष्टिकोणले यी निवेदकलाई मर्का पर्ने देखिँदा यो मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म हाललाई विपक्षीहरूबाट भएको उक्त मिति २०७०।८।१ को निर्णय तथा च.नं. ५७६ मिति २०७०।९।८को पत्र वमोजिमको कुनै पनि कार्य नगर्नु, नगराउनु र सोसम्बन्धी सम्पूर्ण कार्य यथास्थितिमा राख्नु भनी अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७० साल माघ २७ गते रोज २ शुभम्।

## रीत/वेरीत आदेश

१

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-RE-००८३, बैंकिङ कसूर, *प्रकाश बराल वि. नेपाल सरकार*

प्रतिवादी शेरबहादुर थापाले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा बैंकको सन्ध्याकालीन काउन्टरमा कनिष्ट सहायक प्रकाश बराल र मेरो डिउटीसँगै पर्ने भएकाले निजसँगको सहयोग तथा मिलेमतोबाट सन्ध्याकालीन ढुकुटीबाट पटकपटक गरी रू. ५९,००,०००।- निकाली सोमध्ये रू. १५,००,०००।- प्रकाश बराललाई दिई अन्य रकम मैले हिनामिना गरेको हुँ भन्ने र अदालतमा आफूले रू. ४४,२२,०००।- मासी खाएको कुरा स्वीकारी बयान गर्दै प्र. प्रकाश बराललाई पोल गरेको पाइन्छ।

निवेदक प्रतिवादी प्रकाश वरालले आफू जिम्मेवार कर्मचारी शेरबहादुर थापाको सहयोगी कनिष्ट कर्मचारी भएकोले निजले अह्राएको काम गर्ने गर्दथेँ, निजले पटकपटक गरी दिएको जम्मा १५,००,०००।- लगेको हुँ भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान कागज गरी अदालतमा बयान गर्दा आफू कनिष्ट कर्मचारी भएकोले रकम हिनामिना गर्ने कार्यमा मेरो संलग्नता छैन भनी कसूरमा इन्कार रही लिई खाएको १५,००,०००।- का बारेमा मौन रहेको पाइन्छ।

मौकाको जाहेरी, प्रतिवादी शेरबहादुर थापाको अधिकारप्राप्त अधिकारी एवं अदालतमा भएको बयान कागज तथा निवेदक प्रतिवादी प्रकाश बरालको अदालतसमेतमा भएको बयानसमेतका तत्काल प्राप्त प्रमाणबाट गैरकानूनीरूपमा चेकबुक लिई, चेक काटी स्वयंले नै रकम भुक्तानी लिएको नदेखिए पनि बैंकबाट हिनामिना भएको रकममध्ये प्रतिवादी शेरबहादुर थापाले रू. १५,००,०००।- यी निवेदक/प्रतिवादी प्रकाश बराललाई दिएको र निजले स्वीकारी लगेकोबाट निवेदक कसूरदार होइनन् भन्न नमिल्ने।

निवेदक प्रतिवादी प्रकाश बराल कनिष्ट सहयोगी कर्मचारी भएको, दावीको रकम हिनामिना गर्ने कार्यमा प्रतिवादी शेरबहादुरसँग पूर्व सरसल्लाह र योजनामा पसी प्रत्यक्षरूपमा संलग्न नभएको, प्रतिवादी शेरबहादुरले पटकपटक गरी दिएको रकम रू. १५,००,०००।- सम्म बिगो खाए मासेको अभियोग दावीमा निजले कसूर गरेको ठहरेमा हुन सक्ने अधिकतम सजाय तथा तत्काल प्राप्त प्रमाणका रोहमा पुर्पक्षका लागि थुनामा नै राख्न पर्ने अवस्था हो होइन भन्नेतर्फ विचार गर्दा उल्लिखित कारणबाट निवेदक प्रतिवादी प्रकाश बरालको हकमा पछि ठहरेबमोजिम हुने नै हुँदा हाल मुलुकी ऐन, अ.बं. ११८(२) बमोजिम थुनामा राख्न पठाएको मिति २०७०।३।७ को आदेश वेरीतको देखिँदा बदर हुने।

निवेदक प्रतिवादी प्रकाश बरालको पद निजको कार्य प्रकृति र वारदातमा निजको भूमिका जस्ता मिसिल संलग्न तथ्यलाई दृष्टिगत गरी मुलुकी ऐन, अ.बं. ११८ को देहाय ५ र १० समेतका आधारमा निज प्रतिवादी प्रकाश बरालबाट रू. २०,००,०००।- (बीस लाख) नगद धरौट वा सो बराबरको जेथा जमानत दिए लिई तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नुहोला। सो दिन नसके कानूनबमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नू।

इति संवत् २०७० साल माघ २९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०७०-RE-०१६१, उत्प्रेषण, *त्रिलोचन गौतम वि. गृह मन्त्रालयसमेत*

निवेदकले संवैधानिक तथा कानूनी प्रश्नहरू आफ्नो निवेदनमा उल्लेख गरेको देखिन्छ। सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २७(३) को व्यवस्था हेर्दा अस्पष्ट

किसिमको रिट निवेदन भए सो आधार र कारण देखाई रजिस्ट्रारबाट दरपीठ हुनसक्ने देखिन्छ, तर सो आधारमा दरपीठ गर्ने संवैधानिक वा कानूनी प्रश्नबाहेकको अवस्था हुनुपर्ने देखिन्छ। निवेदकले उठाएका कानूनी प्रश्न र संवैधानिक प्रश्नहरू उपयुक्त छन् छैनन् भन्ने विषय इजलासबाट व्याख्या भई निरूपण हुनुपर्ने भएको र संवैधानिक वा कानूनी प्रश्नबाहेकको स्थिति नभएको हुँदासमेत रजिस्ट्रारबाट मिति २०७०।९।५ मा भएको दरपीठ आदेश मिलेको नदेखिँदा बदर हुने ।

इति संवत् २०७० साल माघ २१ गते रोज ३ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**

## अदालत गतिविधि

### पोखरामा नेपाली भाषाको प्रशिक्षण



प्रशिक्षण कार्यक्रमको शुभारम्भ गर्नुहुँदै पुनरावेदन अदालत, पोखराका माननीय मुख्य न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

सर्वोच्च अदालत सम्पादन तथा प्रकाशन समितिको आयोजनामा पोखरामा इजलास अधिकृत तथा सहायक कर्मचारीहरूको लागि मिति २०७० माघ २३ र २४ गते दुईदिने कानूनी नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रमको शुभारम्भ पुनरावेदन अदालत, पोखराका माननीय का.मु.मुख्य न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठले गर्नु भएको थियो । सो अवसरमा आफ्नो मन्तव्य दिँदै भाषा सरल, सहज र सबैले बुझ्ने हुनु पर्छ भन्ने सोच पहिलेदेखि नै रहेको भए तापनि हाल आएर सर्वोच्च अदालतले अभियानको रूपमा थालनी गरेको पाउँदा खुशी व्यक्त गर्नुभयो । कथ्य भाषा र लेख्य भाषाको बुझाइको अन्तरले गर्दा बयान वकपत्र उल्टोपाल्टो पर्न सक्ने अवस्था छ। भाषिक शुद्धताको मर्यादा खस्कँदै गएको यस अवस्थामा भाषाको संवृद्धता खोजी गर्दै अदालतबाट हुने बयान वकपत्र, फैसला, पत्राचार लगायतका विषयमा शुद्धलेखन शैलीका माध्यमबाट फैसलाको गुणस्तर खोज्नु पर्दछ । शब्दकै कारणले फैसला कार्यान्वयन हुन नसक्ने अवस्था आउनु हुँदैन भन्नुभयो । विगतमा त्यस्ता अनुभूति हामीमा पनि भएकै हो भन्दै स्रोत व्यक्तिका रूपमा आउनु भएका गुरूवर्गहरूको अथाह ज्ञानको प्रवाहबाट यो तालिम पश्चात् प्रशिक्षार्थीको लेखनबाट न्यायपालिकामा यसको प्रतिविम्ब आवोस भन्ने शुभेच्छा प्रकट गर्नुभएको

थियो। सर्वोच्च अदालत सम्पादन तथा प्रकाशन समितिले यस पुनरावेदन अदालत, पोखरा र पुनरावेदन अदालत बाग्लुङ अन्तर्गतका जिल्ला अदालतमा कार्यरत इजलास अधिकृत तथा सहायक कर्मचारीहरूका लागि दुई छुट्टा-छुट्टै समूहमा यस क्षेत्रमा यो कार्यक्रम गर्न लागेकोमा खुशी व्यक्त गर्नुभयो ।

सर्वोच्च अदालत सम्पादन तथा प्रकाशन समितिका सदस्य तथा सर्वोच्च अदालतका सहरजिस्ट्रार श्री लालबहादुर कुँवरले यस भाषिक प्रशिक्षण कार्यक्रममा सबै सहभागिहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो । पुनरावेदन अदालत, पोखरा र पुनरावेदन अदालत, बाग्लुङ र अन्तर्गतका जिल्ला अदालतहरूबाट यस तालिममा सहभागी हुन आइपुग्नु भएका सबै सहभागीहरूबाट सक्रिय सहभागिताको आशा राख्दै स्रोत व्यक्तिहरूबाट अत्याधिक मात्रामा ज्ञानको प्रवाह हुनेमा विश्वस्त रहेको कुरा उल्लेख गर्नुभयो । पुनरावेदन अदालत पोखराका माननीय का.मु.मुख्य न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठज्यूको समन्वयात्मक प्रयास तथा ऐ.का रजिस्ट्रार श्री देवेन्द्रराज ढकालज्यूको अनवरत सहयोगले यो कार्यक्रम आयोजना गर्न सहज भएको कुरा औंल्याउनु भएको थियो । यो भाषिक प्रशिक्षणले नेपाल कानून पत्रिकामा प्रकाशन हुने फैसलाहरू/नजीरहरूमा पनि गुणात्मक सुधार हुने अपेक्षासमेत राख्नु भएको थियो।

प्रशिक्षण कार्यक्रमको शुभारम्भ सत्रकै क्रममा स्रोत व्यक्ति सह-प्राध्यापक श्री गोविन्द घिमिरेले सर्वोच्च अदालतको पहलमा आयोजना हुँदै आएको यो कार्यक्रम सिक्ने र सिकाउने कार्यक्रमका रूपमा भन्दा पनि हामीले सिकेका ज्ञान र सहभागीहरूलाई परेका समस्याहरूको जिज्ञासा मेटाउने क्रम हो । न्यायपालिकाबाट सम्पादित न्यायबाट पक्षले जितेको हो वा हारेको हो भन्ने कुरा सहजै थाहा हुनुपर्दछ। पूर्ण कानूनी भाषा र अर्धकानूनी भाषाको प्रयोग हुँदा पर्ने समस्या थाहा पाउने र त्यहाँ भाषिक शुद्धताको पक्ष खोज्नु पर्दछ भन्नु हुँदै उपभोक्ताले बुझ्ने हिसाबले लेख्य र कथ्य भाषाबाट मुद्दाको सम्प्रेषण हुनुपर्दछ । सर्वोच्च अदालतको यो प्रयास सह्रानीय छ । प्रयोजनपरक नेपाली भाषामा शुद्दता खोज्ने हाम्रो प्रयास कायम रहनेछ भन्ने कुरा व्यक्त गर्नुभयो । त्यसैगरी पुनरावेदन अदालत, पोखराका माननीय न्यायाधीश श्री डिल्लीराज आचार्यले बुझ्ने भाषामा बोल र बुझ्ने भाषामा नै लेख भन्ने नेल्सन मन्डेलाको उक्तिलाई उदृत गर्दै यस तालिम पश्चात सहभागीहरूको लेखनमा भाषिक चमक आवोस भन्ने चाहाना व्यक्त गर्नुभएको थियो । हामी सरल वाक्यमा लेख्ने भन्छौं तर सक्तैनौं । आगन्तुक भन्दा तत्सम र तत्भव शब्द र वाक्यमा फैसला लेख्ने भन्छौं तर आगन्तुक शब्दहरूलाई नै अगाडि सार्दछौं र संयुक्त तथा मिश्रित वाक्य लेख्न पट्टी नै लाग्दछौं, यस पक्षका कमी कमजोरीलाई हटाउने/कम गर्ने तर्फ हामी लाग्न सक्यौं भने हाम्रो प्रयास सफल भएको मानिने छ र फैसला लेखनको पक्षलाई अरू बढी प्राज्ञिक छलफलको विषय बनाउनु पर्दछ भन्नु भयो ।

सर्वोच्च अदालत सम्पादन तथा प्रकाशन शाखाका सम्पादक तथा समितिका सचिव श्री अम्बिकाप्रसाद निरौलाले यस भाषिक प्रशिक्षण कार्यक्रमको सञ्चालन गर्दै भाषाका आफ्नै किसिमका मौलिक विशेषताहरू हुन्छन्, क्षेत्रीय र स्थानीय भाषिकाहरूको पनि प्रभाव रहन्छ। तापनि देवनागरी लिपिमा नेपाली भाषा हाम्रो राष्ट्रिय भाषा हो भने सरकारी कामकाजको भाषा पनि हो। यसको संरक्षण र सम्बर्द्धनको पक्षमा सर्वोच्च अदालत लागिपरेको र अदालतका फैसलाहरूलाई शुद्धलेखन शैलीका माध्यमबाट स्तरोन्नती गर्ने प्रयासमा यो तालिम सहायकसिद्ध हुनेछ भन्ने कुरा औंल्याउनु भएको थियो।

कार्यक्रममा पुनरावेदन अदालत, पोखराका माननीय न्यायाधीशहरू श्री डिल्लीराज आचार्य, श्री प्रेमराज कार्की, श्री प्रभा बस्नेत, श्री युवराज सुवेदी, श्री ऋषिराम दवाडी तथा पुनरावेदन अदालत, पोखराका रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल तथा उपरजिस्ट्रार श्री कुलप्रसाद भण्डारीसमेतको उपस्थिति रहेको थियो । भाषाविज्ञहरू नेपाल ल क्याम्पसका सहप्राध्यापक श्री गोविन्दप्रसाद घिमिरे, काठमाडौं स्कूल अफ लका उपप्राध्यापक श्री रामचन्द्र फुँयाल तथा चक्रवती हबी कलेजका श्री दीनदयाल रेग्मीले कानूनी नेपाली भाषाका विभिन्न पक्षमा कार्यपत्र प्रस्तुत गर्दै भाषिक प्रशिक्षण सञ्चालन गर्नु भएको थियो । समितिका सचिव श्री अम्बिकाप्रसाद निरौला र शाखा अधिकृत श्री राजन बास्तोलाले फैसला लेखन तथा आदेश लेखन सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नु भएको थियो भने सो प्रयोगात्मक अभ्यासको सहजिकरण सहरजिस्ट्रार श्री लालबहादुर कुँवर र स्रोत व्यक्ति उप-प्राध्यापक श्री रामचन्द्र फुयालले गर्नुभएको थियो। तालिम अवधिमा सर्वोच्च अदालत, सम्पादन तथा प्रकाशन शाखाका ना.सु.श्री कृष्णबहादुर गुरूङ र का.स. श्री विदुर सापकोटाले तालिमका विविध पक्षमा निरन्तर सहयोग पुऱ्याउनु भएको थियो। प्रशिक्षण कार्यक्रममा पुनरावेदन अदालत, पोखरा र सो अन्तर्गतका गोरखा, लमजुङ, कास्की, स्याङ्जा, तनहुँ र मनाङ जिल्ला अदालत तथा पुनरावेदन अदालत बाग्लुङ र अन्तर्गतका पर्वत, म्याग्दी, मुस्ताङ र बाग्लुङ जिल्ला अदालतका अधिकृत तथा सहायक कर्मचारीहरूको सहभागिता रहेको थियो ।

दुई दिनसम्म सञ्चालित सो तालिम कार्यक्रम मिति २०७० माघ २४ गते समापन भएको थियो । समापन कार्यक्रमको अवसरमा मन्तव्य दिनुहुँदै पुनरावेदन अदालत, पोखराका माननीय मुख्य न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठले पोखरालाई यस कार्यक्रमको स्थल चयन गरेर यो कानूनी नेपाली भाषाको लेखन तालिम आयोजना गरेकोमा आभार व्यक्त गर्दछु भन्नु हुँदै सिक्नलाई लालायित भएर आउनु भएका पुनरावेदन अदालत बाग्लुङ र मातहत जिल्ला अदालतहरूका कर्मचारीहरू तथा पुनरावेदन अदालत, पोखरा र मातहत अदालतहरूका कर्मचारीहरूलाई धन्यवाद दिनुभयो । अत्यन्त अनुशासित र संयमित ढंगले प्रस्तुत हुनुभएका प्रशिक्षार्थीहरूले छोटो अवधिमा धेरै कुरा सिक्ने मौका मिलेकोमा खुशीसमेत व्यक्त गर्नुभयो। कानूनी शब्दको प्रयोग र लेखन कलामा यो तालिम अवश्य फलदायी हुनेछ भन्नु हुँदै तालिम पश्चात कार्यक्षेत्रमा यो तालिमको उपयोगितालाई उतार्न सबै सहभागीलाई जोड दिनुभयो । साथै तालिम सञ्चालन पश्चात यसको मापन पक्षमा पनि जोड दिई Feedback Mechanism को विकास गर्न सके मात्र यसको उपयोगिता प्रष्ट हुने कुरासमेत उल्लेख गर्नुभयो ।

त्यसैगरी समापन समारोहका अवसरमा पुनरावेदन अदालत, पोखराका माननीय न्यायाधीश श्री युवराज सुवेदीले पहिले हामी नेपाली हौं, नेपाली हाम्रो राष्ट्र भाषा हो, त्यसपछि मात्र हामी विभिन्न भाषा र भाषिहरू हौं भन्नु हुँदै भाषिक पक्षको महत्त्वमाथि जोड दिनुभयो। ओझेलमा परेको बेला भाषिक पक्षलाई उजागर गर्ने यो तालिम अत्यन्त उपयोगी रहेको छ भन्नु हुँदै नेपाली भाषाका नयाँ आयामका बारेमा जानकारी पाएकोमा आयोजकलाई धन्यवाद दिनुभयो । आगामी दिनमा यो तालिमले गुणस्तरीय सेवा प्रदान गर्नेमा विश्वास गर्नुभयो ।

सर्वोच्च अदालतका सहरजिस्ट्रार तथा सम्पादन तथा प्रकाशन समितिका सदस्य श्री लालबहादुर कुँवरले कार्यक्रमलाई सहज रूपमा सञ्चालन गर्न सहजता प्रदान गर्नुहुने माननीय मुख्य न्यायाधीशज्यू, माननीय न्यायाधीशहरू, रजिस्ट्रारज्यू लगायत सबै सहभागीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

उक्त समापन समारोहको सञ्चालन सम्पादन तथा प्रकाशन समितिका सचिव तथा सम्पादक श्री अम्बिकाप्रसाद निरौलाले गर्नुभएको थियो ।

## तालिममा संलग्न अधिकृतहरू

१. श्री कुलप्रसाद भण्डारी, पुनरावेदन अदालत, पोखरा
२. श्री कृष्णराज तिमिल्सेना, पुनरावेदन अदालत, पोखरा
३. श्री नन्दप्रसाद आचार्य, पुनरावेदन अदालत, पोखरा
४. श्री शिवहरी सुवेदी, पुनरावेदन अदालत, पोखरा
५. श्री विश्वनाथ अर्याल, पुनरावेदन अदालत, पोखरा
६. श्री सोमप्रसाद पराजुली, पुनरावेदन अदालत, पोखरा
७. श्री भूमिप्रसाद शर्मा, पुनरावेदन अदालत, पोखरा
८. श्री तेजेन्द्र के.सी., पुनरावेदन अदालत, बाग्लुङ
९. श्री दिनबन्धु बराल, कास्की जिल्ला अदालत
१०. श्री विदुरकुमार उपाध्याय, कास्की जिल्ला अदालत
११. श्री पुष्पराज दाहाल, कास्की जिल्ला अदालत
१२. श्री शम्भुप्रसाद बराल, मनाङ जिल्ला अदालत
१३. श्री महेन्द्रप्रसाद भट्टराई, गोरखा जिल्ला अदालत
१४. श्री कृष्णशरण लामिछाने, म्याग्दी जिल्ला अदालत
१५. श्री मोहनबहादुर अधिकारी, बाग्लुङ जिल्ला अदालत
१६. श्री लालसिंह थापा, बाग्लुङ जिल्ला अदालत
१७. श्री गोकर्णराज पन्त, बाग्लुङ जिल्ला अदालत
१८. श्री ख्यामनारायण लामिछाने, पर्वत जिल्ला अदालत
१९. श्री मुकुन्द आचार्य, स्याङ्जा जिल्ला अदालत
२०. श्री दुर्गाप्रसाद बस्याल, लमजुङ जिल्ला अदालत
२१. श्री सूर्यप्रसाद भण्डारी, तनहुँ जिल्ला अदालत
२२. श्री मीनबहादुर कुँवर, मुस्ताङ जिल्ला अदालत

## तालिममा संलग्न सहायक कर्मचारीहरू

१. श्री चुडाबहादुर रोका, पुनरावेदन अदालत, पोखरा
२. श्री युवराज ढकाल, पुनरावेदन अदालत, पोखरा
३. श्री डिल्लीराज पौडेल, पुनरावेदन अदालत, पोखरा
४. श्री देवी भण्डारी, पुनरावेदन अदालत, पोखरा
५. श्री यमकान्त ढकाल, पुनरावेदन अदालत, पोखरा
६. श्री रामचन्द्र उपाध्याय, पुनरावेदन अदालत, पोखरा
७. श्री नवराज रेग्मी, पुनरावेदन अदालत, बाग्लुङ
८. श्री सन्तोष मण्डल, बाग्लुङ जिल्ला अदालत
९. श्री गोपाल सुवेदी, बाग्लुङ जिल्ला अदालत
१०. श्री किरण गुरूङ, बाग्लुङ जिल्ला अदालत
११. श्री रामचन्द्र के.सी., बाग्लुङ जिल्ला अदालत
१२. श्री मानबहादुर डंगोल, स्याङ्जा जिल्ला अदालत
१३. श्री शंकरनाथ खनाल, स्याङ्जा जिल्ला अदालत
१४. श्री गुरूप्रसाद आचार्य, स्याङ्जा जिल्ला अदालत
१५. श्री यामप्रसाद रेग्मी, म्याग्दी जिल्ला अदालत
१६. श्री दयाबहादुर पौडेल, म्याग्दी जिल्ला अदालत
१७. श्री विश्व पौडेल, लमजुङ जिल्ला अदालत
१८. श्री झलकबहादुर कुँवर, मुस्ताङ जिल्ला अदालत
१९. श्री शंकर सापकोटा, पर्वत जिल्ला अदालत
२०. श्री मातृका रिमाल, पर्वत जिल्ला अदालत
२१. श्री माधव घिमिरे, गोरखा जिल्ला अदालत
२२. श्री कृष्णप्रसाद मरासिनी, कास्की जिल्ला अदालत
२३. श्री दामोदर आचार्य, कास्की जिल्ला अदालत
२४. श्री नारायण पराजुली, कास्की जिल्ला अदालत
२५. श्री सूर्यबहादुर बि.क., कास्की जिल्ला अदालत
२६. श्री नमिता रेग्मी, कास्की जिल्ला अदालत
२७. श्री सविता सुवेदी, तनहुँ जिल्ला अदालत
२८. श्री सन्तोषकुमार महेता, तनहुँ जिल्ला अदालत

**भूल सुधार**

**सर्वोच्च अदालत वुलेटिन वर्ष २२, अङ्क १९, २०७० माघ पहिलो अङ्कमा पूर्णाङ्क ५१७ हुनु पर्नेमा त्रुटिवस पूर्णाङ्क ५१९ भएकोले सच्याइएको छ ।**

**सम्पादक**

**इजलास अधिकृतहरुको लागि नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम,**
**(२०७० माघ २३ र २४ गते, पोखरा)**

**मत सर्वेक्षण**

**१. यो तालिम तपाईंलाई कस्तो लाग्यो ?**

(क) सामान्य १ ☐ (ख) ठीकै ☐ (ग) अत्यन्त उपयोगी २१ ☐

**२. तालिम अवधि बारेमा तपाईं के भन्नु हुन्छ ?**

(क) छोटो भयो ११ ☐ (ख) ठीक छ २ ☐ (ग) धेरै समय चाहिन्छ ९ ☐

**३. तालिमलाई छानिएका विषय कस्ता लागे ?**

(क) विषय कम भए १ ☐ (ख) ठीकै छन् ९ ☐ (ग) अझ धेरै चाहिन्छ १२ ☐

**४. यस्ता तालिम कति अवधिको भए राम्रो होला ?**

(क) ३ दिन ६ ☐ (ख) ७ दिन १६ ☐ (ग) ३० दिन ☐

**५. प्रशिक्षकहरू कस्ता लाग्नु भयो ? (आन्तरिक प्रयोजनका लागि मात्र)**

**(क) श्री गोविन्द घिमिरे**

(क) सामान्य ☐ (ख) ठीक ☐ (ग) उत्तम ☐

**(ख) श्री रामचन्द्र फुयाल**

(क) सामान्य ☐ (ख) ठीक ☐ (ग) उत्तम ☐

**(ग) श्री दिनदयाल रेग्मी**

(क) सामान्य ☐ (ख) ठीक ☐ (ग) उत्तम ☐

**६. प्रशिक्षण पद्धति कस्तो लाग्यो**

(क) व्यवहारिक १२ ☐ (ख) औपचारिक १ ☐ (ग) सुधारका सम्भावना छन् ९ ☐

**७. अन्य केही सुझाउ भए**

यो तालिमको अवधि कम भएको, विषयवस्तु व्यवहारिक भएको र सकेसम्म धेरै कर्मचारीलाई यो तालिममा सहभागिता गराउनुपर्छ भन्ने अधिकांश सहभागीहरूको मुख्य सुझाव रह्यो ।

---

- आफूले रोजेको उत्तरमा रेजा ( ✓ ) चिन्ह लगाउने
- उत्तरदाताले आफ्नो नाम लेख्न चाहेमा लेख्दा हुने ।

## कम्प्युटर अपरेटर तथा सहायक कर्मचारीहरुको लागि नेपाली भाषाको भाषिक प्रशिक्षण कार्यक्रम (२०७० माघ २३ र २४ गते, पोखरा)

### मत सर्वेक्षण

**१. यो तालिम तपाईंलाई कस्तो लाग्यो ?**

(क) सामान्य ३☐ (ख) ठीकै ५☐ (ग) अत्यन्त उपयोगी २०☐

**२. तालिमलाई छानिएका विषय कस्तो लाग्यो ?**

(क) विषय कम भए ११☐ (ख) ठीकै छन् १७☐ (ग) कम सान्दर्भिक ☐

**३. तालिम अवधि बारेमा तपाईं के भन्नु हुन्छ ?**

(क) छोटो भयो ११☐ (ख) ठीक छ ३☐ (ग) अलि बढी समयको चाहिन्छ १४☐

**४. यस्ता तालिम कति अवधिको भए राम्रो होला ?**

(क) ३ दिने ५☐ (ख) ७ दिने २१☐ (ग) ३० दिने २☐

**५. तालिमलाई अझ बढी राम्रो बनाउन के गर्नुपर्ला ?**

(क) भाषाको सैद्धान्तिक पक्ष भन्दा व्यवहारिक (प्रयोग) पक्षलाई जोडदिने । ४☐

(ख) नेपाली भाषामा भएका समय सापेक्ष परिवर्तनसँगै तालिम दिने । ५☐

(ग) माथिका दुवै १९☐

**६. शुद्ध लेख्ने अथवा टाइप गर्ने कर्मचारीलाई प्रोत्साहित गर्न के गर्नु पर्ला ?**

(क) स्तर वृद्धि १३☐ (ख) आर्थिक पुरष्कार ४☐ (ग) प्रमाण पत्र प्रदान ११☐

**७. अन्य केही सुझाउ भए**

तालिम पछि पुनर्मूल्याङ्कन हुनुपर्ने, जिल्ला तहमा यस्ता तालिम हुनुपर्ने र सबैलाई सहभागी बनाउनुपर्ने सुझाव रह्यो ।

---

- आफूले रोजेको उत्तरमा रेजा ( ✓ ) चिन्ह लगाउने
- उत्तरदाताले आफ्नो नाम लेख्न चाहेमा लेख्दा हुने ।

**सर्वोच्च अदालतका निर्णयहरूको अंग्रेजी अनुवाद (भाग ५) प्रकाशित भई कानून पत्रिका बिक्री कक्षबाट बिक्री भैरहेको छ ।**

**मूल्य रु.६००।-**
**विद्यार्थी संस्करण रु.३००।-**

**नेपाल कानून आयोगको वेभसाइटमा संविधानसमेत हालसम्म ३१९ ऐनहरू नेपालीमा, तीमध्ये २९६ वटा ऐन अंग्रेजीमा एवं २४९ वटा नियमावली नेपालीमा तथा १२५ वटा नियमावली अंग्रेजीमा अनुवाद र १९१० सालको मुलुकी ऐन, न्याय विकासिनी र विभिन्न ऐतिहासिक दस्तावेजहरु निःशुल्क पढ्न र डाउनलोड गर्न सकिनेछ ।**

**ठेगाना**
www.lawcommission.gov.np

# सर्वोच्च अदालतका नियमित प्रकाशनहरू

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजीर संग्रह, २०६३
- विषयगत नजीर संग्रह, २०६६
- विषयगत नजीर सारसंक्षेप संकलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

  भाग १: संवैधानिक कानून
  भाग २: सार्वजनिक सरोकार
  भाग ३: मानव अधिकार तथा लैङ्गिक न्याय
  भाग ४: देवानी कानून: सम्पत्ति
  भाग ५: देवानी कानून: पारिवारिक
  भाग ६: फौजदारी कानून: सरकार वादी
  भाग ७: फौजदारी कानून: दुनिया वादी
  भाग ८: कार्यविधि कानून: देवानी
  भाग ९: कार्यविधि कानून: फौजदारी
  भाग १०: उद्योग, वाणिज्य र कर
  भाग ११: राष्ट्रसेवक कर्मचारी

- न्यायपालिकाको दोस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अंग्रेजी अनुवाद (वार्षिक)
  - अंग्रेजी अनुवाद २००३ (Volume I)
  - अंग्रेजी अनुवाद २०१० (Volume II)
  - अंग्रेजी अनुवाद २०११ (Volume III)
  - अंग्रेजी अनुवाद २०१२ (Volume IV)
  - अंग्रेजी अनुवाद २०१३ (Volume V)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)